# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बेलकोटगढी नगरपालिका
## नुवाकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बेलकोटगढी नगरपालिका
## नुवाकोट

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बेलकोटगढी नगरपालिका

## नुवाकोट

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फर्स्योट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
बागमती प्रदेश

मितिः २०८१।२।११

प.सं. २०८०।८१

च.नं. १५५

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,
बेलकोटगढी नगरपालिका, बेलकोटगढी नगरकार्यपालिकाको कार्यालय,
नुवाकोट ।

१. **कैफियत सहितको राय** — हामीले बेलकोटगढी नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस पालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.१५ करोड ४२ लाख ८९ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.६ करोड ६५ लाख २१ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू६९ लाख ७५ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ४ करोड ६५ हजार, नियमित गर्नुपर्ने रु.३ करोड १० लाख ५७ हजार र पेश्की बाँकी रु. ७२ लाख ९६ हजार समेत रु ८ करोड ७७ लाख ६९ हजार रहेको छ । बेलकोटगढी नगरपालिकाको गतवर्ष सम्म रु.२७ करोड ९३ लाख ४८ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.३६ करोड ७१ लाख १७ हजार रहेको छ ।**यस पालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।**

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य

प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(शंकरप्रसाद पन्थी)
**नायब महालेखापरीक्षक**

बेलकोटगढी नगरपालिका,

नुवाकोट जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ७० | ३४९ | १५४२८९ | ० | १ | ६६५२१ | ७० | ३४८ | ८७७६९ | ६९७५ | ३१०५७ | ४००६५ | ० | २३७५ | ७३४९८ | ७२९६ |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| नुवाकोट | २७९३४८ | ० | ० | २७९३४८ | ० | ८७७६९ | ३६७११७ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | ४ | अनुदान फिर्ता प्रमाण पेश | ६६५२०६३१ |
| | चालु वर्षको जम्मा | | | |
| | गत विगत वर्षतर्फको | | | |
| | २०७८।७९ | | | |
| | २०७७।७८ | | | |
| | २०७६।७७ | | | |
| | गत विगतको जम्मा | ० | - | ० |
| | कुल जम्मा | | | ६६५२०६३१ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।५।२५ देखि २०८०।५।२९ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय व्ययको बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

**२ वित्तीय बिबरणको परीक्षण**

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत

भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

**(विस्तृत विवरण बेरूजु दफा २.१ सँग सम्बन्धित अनुसूची २ मा संलग्न छ ।)**

२.२ पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु. १८६३६१६१८, र गरिवसँग विश्वेश्वर कार्यक्रमको रु. ४६३००० समेत गरी रु. १८६८२४६१८।०० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार यस वर्षको प्राप्ति रु. १८४२४४६१९ ,यस वर्षको भुक्तानी रु. ३७०४५०५२५।९ र बैङ्क मौज्दात रु. २०२५६०४०।७ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

**आयव्यय विवरण**

**आ.व २०७९।८०**

**बेलकोटगढी नगरपालिका**

| सि.नं | आयतर्फ (रु.) | | | सि.नं | व्ययतर्फ (रु.) | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | ० | २५४१०२५९७.२४ | १ | चालु खर्च | ५२५६२०१७२.२९ | ५२५६२०१७२.२९ |
| | क) नगद | ० | | २ | पूँजीगत खर्च | २९१३८९७६०.०१ | २९१३८९७६०.०१ |
| | ख) बैंक | २४२१६७२४५.१४ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | |
| | ग) धरौटी | १११११४३७.१० | | | | | |
| | घ) कर्मचारी | ८१४०६५ | | | क) ऋण | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | कल्याण कोष | | | | भुक्तानी | | |
| | ङ) विविध | ९८५० | | | ख) ब्याज भुक्तानी | | |
| २ | राजस्व ( आन्तरिक आय) | ० | १७०५०६१९६.७६ | | ग) अन्य भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | ४१८०८३२२ | | ४ | लगानी | | |
| | ख) राजस्व बाँडफाँड | १२८६९७८७४.७६ | | | ऋण लगानी | | |
| | ग) अन्य आय | ० | | | शेयर लगानी | | |
| ३ | वित्तिय हस्तान्तरण संघ | ० | ४९६८२६२७७ | | अन्य लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | १२,४८,६५,००० | | ५ | धरौटी फिर्ता | ५६,८१,५५२ | ५६,८१,५५२ |
| | ख) सशर्त अनुदान | ३३६९६१२७७ | | ६ | विविध खर्च | ६९२५९८६ | ६९२५९८६ |
| | ग) समपूरक अनुदान | २,००,००,००० | | ७ | कोष फिर्ता | ३९०११७१ | ३९०११७१ |
| | घ) विशेष अनुदान | १,५०,००,००० | | ८ | मौज्दात | | १८३०७७२८६.३ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | ० | ७९१४४००० | | क) बैंक मौज्दात | १७२१८२४०८.२ | |
| | क) वित्तिय समानीकरण अनुदान | १,२९,८४,००० | | | ख) धरौटी | १०४७२३९१.१० | |
| | ख) सशर्त अनुदान | २,८६,६०,००० | | | ग) विविध कोष | ३५९५९३ | |
| | ग) समपुरक अनुदान | ३,००,००,००० | | | घ) कल्याण कोष | ६२८९४ | |
| | घ) विशेष अनुदान | ७५,००,००० | | | ङ) नगद मौज्दात | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | ० | | ९ | शसर्त अनुदान फिर्ता | | |
| ६ | अन्य | ० | | १० | गत बर्षको बढी अल्या | | |
| | क) पि एल जी यस पी | ० | | ११ | जनश्रमदान मौज्दात | | |
| | | | | १५ | सामाजिक सुरक्षा | १८६३६१६१८ | १८६३६१६१८ |
| | | | | १६ | गरबसँग विश्वेश्वर कार्यक्रम | ४६३००० | ४६३००० |
| ७ | विभिन्न कोषतर्फको आय | ० | १०४२५७२९ | | | | |
| | क) कर्मचारी कल्याणकोष | ३१५०००० | | | | | |
| | ख) विविध कोष | ७२७५७२९ | | | | | |
| १० | धरौटी आय | ५०४२५०६ | ५०४२५०६ | | | | |
| १३ | सामाजिक सुरक्षा | १८६३६१६१८ | १८६३६१६१८ | | | | |
| १४ | गरबसँग विश्वेश्वर कार्यक्रम | ४६३००० | ४६३००० | | | | |
| | जम्मा | १२०२८७१९२४ | १२०२८७१९२४ | | जम्मा | १२०२८७१९२४ | १२०२८७१९२४ |

## तुलना

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | २५४१०२५९७.२४ | ७६४५२४७०८.७६ | ८३२९७००१९.७ | १८३०७७२८६.३ |
| एकीकृत आर्थिक विवरणअनुसार | २५४१०२५९७.२४ | ९४८७६९३२७।७६ | १२०३४२०५४५।६० | २०३३३३३२७ |
| फरक | ०. | १८४२४४६१९ | ३७०४५०५२५।९ | २०२५६०४०।७ |

२.४ स्थानिय तहको सञ्चित कोषमा गत विगतको बाँकि, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाव राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । गत वर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु २१४०९९५९७.२४ मौज्दात् कायम भएकोमा यो वर्षको सुरुमा रु २५४१०२५९७.२४ जिम्मेवारी सारी रु ४०००३०००.०० बढी जिम्मेवारी सारेको देखियो । गत वर्षको जिम्मेवारी फरक देखिएको रकमको हिसाव मिलान गर्नुपर्नेमा नगरी यस वर्ष यस्तो रकममा पुनरावृति भएको छ । यस्तो फरक रकमको वास्तविकता पहिचान गरी जिम्मेवारी अंक यथार्थपरक बनाउनुपर्दछ ।

२.५ सुत्र अनुसार गत वर्षको वाकि मौज्दात् रु २१,६८,८४,३८६.२४ रहेकोमा यस वर्ष रु २५,४१,०२,५९७.२४ जिम्मेवारी सारेको छ । यसरी बढी जिम्मेवारी सारेको रु ३७२१८२११।०० का सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

२.६ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता भन्दा बैङ्क मौज्दात बढी देखिएको छ । यस सम्वन्धमा पालिकाले यकिन गर्नुपर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०८० असार मसान्तको बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०८० असार मसान्तको बाँकी |
|---|---|---|---|
| 1 | सञ्चित कोष | १७२१८२४०८.२० | ३१९२८९५०.४३ |
| 2 | चालु खाता | ० | ३७६५११९१.२३ |
| 3 | पूँजीगत खाता | ० | ७५२२६७५१.२५ |
| 4 | मर्मत खाता | ० | ० |
| 5 | कल्याण कोष तथा विविध कोष खाता | ६२८९४ | १२२८३९८ |
| 6 | प्रकोप व्यवस्थापन कोष खाता | ० | ० |
| ७ | विविध खर्च खाता | ३५९५९३ | ३२०७७२०.२९ |
| ८ | नगर सरसफाई कोष खाता | ० | ० |
| ९ | धरौटी खाता | १०४७२३९१ | ११४२१५२८.१० |
| १० | आन्तरिक अनुदान खाता | ० | ४२९०००० |

| | | | |
|---|---|---|---|
| ११ | आन्तरिक राजस्व खाता | ० | १३७८०९२०.०१ |
| १२ | राजस्व बांडफांड खाता | ० | २८४०६२२१.७६ |
| १३ | विभाज्य कोष खाता | ० | ९९८०२४६ |
| | जम्मा | १८३०७७२८६.२० | २१७१२१९२७.०७ |

२.७ स्थानिय तह सरकार सञ्चालन ऐन २०७४ को दफा ७६(२) बमोजिम पालिकाले मासिक रुपमा श्रेस्ता र बैंक खाताको हिसाव मिलान विवरण तयार गर्नुपर्नेमा पालिकाले पेश गरेको अनुसुचि २४, बैंक तथा नगद बाँकि विवरण र श्रेस्तामा निम्नानुसार रकम फरक पर्न गएकोमा उल्लेखित व्यवस्था अनुसार बैंक हिसाव तयार गरी यकिन गर्नुपर्दछ ।

| खाताको प्रकार | खाता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु |
|---|---|---|
| ग १.१, आन्तरिक राजस्व खाता | ०.०० | १,३७,८०,९२०.०१ |
| ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता | ०.०० | २,८४,०६,२२१.७६ |
| ग १.३, आन्तरिक अनुदान खाता | ०.०० | ४२,९०,०००.०० |
| ग २.२, चालू खर्च खाता- जोर वर्ष | ०.०० | ३,७६,५१,१९१.२३ |
| ग २.४, पुँजीगत खर्च खाता- जोर वर्ष | ०.०० | ७,५२,२६,७५१.२५ |
| ग २.७, विविध खर्च खाता | ३,५९,५९३.०० | ३२,०७,७२०.२९ |
| ग ३.१, स्धानीय तह धरौटी खाता | १,०४,७२,३९१.१० | १,१४,२१,५२८.१० |
| ग ३.१, स्धानीय तह धरौटी खाता | ०.०० | |
| ग ४.१, स्थानीय तह सञ्चित कोष खाता | १७,२१,८२,४०८.२० | ३,१९,२८,९५०.४३ |
| ग ५.१, स्थानीय तह विविध कोष खाता | ६२,८९४.०० | १२,२८,३९८.०० |
| ग ६.१, स्थानीय तह विभाज्य कोष खाता | ०.०० | ९९,८०,२४६.०० |
| जम्मा | १८,३०,७७,२८६.३० | २१,७१,२१,९२७.०७ |

२.८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु. ३७६५११९१.२३ पुँजीगत खातामा रु.७५२२६७५१.२५, कल्याण कोष तथा

विविध कोष खातामा रु १२२८३९८, आन्तरिक अनुदान खातामा ४२९०००० विविध खर्च खातामा ३२०७७२०.२९ आन्तरिक राजस्व खातामा रु.१३७८०९२०.०१, राजस्व बाँडफाँड खातामा रु. २८४०६२२१.७६समेत रु.१७३७७१४४८.५४ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.९ आयकर ऐन २०५८ को परिच्छेद १७ को दफा ८७, ८८ र ८९ अनुसार भुक्तानिमा कर कट्टि गर्नुपर्ने व्यवस्था छ र दफा ९०(४) अनुसार कट्टि भएको कर रकम समयमै दाखिला गर्नुपर्ने उल्लेख छ । तर पालिकाले आ व २०७९।८० मा पालिका चालु शिर्षकतर्फ कट्टि गरेको कर मध्ये रु ५४५४१९।०० समेत वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु ५,४८,६२१.६० देखाएको छ । यकिन भई सकेको कर दायित्व लेखापरीक्षण अवधिसम्म पनि दाखिला नगरेको रकम सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,४८,६२१ |

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालीकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार

गर्नुपर्नेमा तयार गरेको पाईएन।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समितिले ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई आर्थिक वर्षको अन्तमा मात्र दिएको

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।

• दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकी मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।

• विषयगत शाखा र वडा कार्यालय पिच्छे जिन्सी सामग्री खरिद र आम्दानी बाँधेकोमा वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• पालिकाले आयोजना कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई

प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।

• कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• निर्माण कार्यको लागत अनुमान तयार गरेको जनाएकोमा केही निर्माण कार्यको श्रेस्तासँग लागत अनुमान तथा दर विश्लेषण साथमा संलग्न गरेको पाईएन ।

• पालिकाले कन्टिन्जेन्सी रकम खर्च गर्ने सम्वन्धमा कुनै मापदण्ड बनाएको छैन । कन्टेन्जेन्सी रकम मध्ये दैनिक भ्रमण भत्ता र गाडी भाडामा अत्याधिक खर्च गर्ने गरेको छ । दैनिक भ्रमण भत्ता खर्च गरेकोमा भ्रमण अभिलेख खाता राखेको र भ्रमण प्रतिवेदन दिने गरेको छैन ।

• विजुली महसुल समयमै नतिर्दा जरिवाना समेत थप खर्च भएको ।

• तलवी प्रतिवेदन पारित नगरेको

• शिर्षक फरक पारी खर्च लेख्ने गरेको

उपर्युक्तानुसार स्थिति देखिँदा पालिकाले आन्तरिक नियन्त्रण निर्देशिका जारी नगरेकोले आन्तरिक नियन्त्रण प्रणाली तत्काल कायम गरी सुदृढ खरिद व्यवस्थापन, समग्र वित्तीय कारोवारको लेखांकन एवं प्रतिवेदन गरी प्रतिस्पर्धी, पारदर्शी र मितव्ययी कारोवार गर्न गराउन तोकिए बमोजिम प्रभावकारी र विश्वाशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउन आवश्यक देखिन्छ ।

४ **अनुदान फिर्ता**

*.......... (प्रारम्भिक प्रतिवेदन उपर पालिकाले अनुदान फिर्ता गरेको प्रमाण पेश भएको आधारमा मिति २०८१-१-१४ मा रु. ६६,५२०,६३१ सम्परीक्षण गरिएको ।)*

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

५ **समपुरक अनुदान**

संघीय समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा (४)को उपदफा (२) तथा बागमती प्रदेशबाट जारी गरिएको प्रदेश समपुरक अनुदान सम्बन्धी कार्यविधि, २०७७ को दफा(४) अनुसार समपुरक अनुदानमा संचालित आयोजनाहरुको कुल बजेट खर्चमा कम्तिमा ५०% रकम स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले तपशिल बमोजिमका समपुरक योजनाहरुको भुक्तानी गर्दा स्थानीय समपुरक कोषबाट ५०% भन्दा कम भुक्तानी गरेकोले ५०% लागत सहभागिता नपुगेको ले हुन आउने रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्ने रकम रु.

| योजनाको विवरण | मुल्यांकन रकम रु. | संघिय/प्रदेश श्रोतबाट व्यहोर्ने(५०%) | संघिय/प्रदेश श्रोतबाट गरेको खर्च रु. | बढी खर्च भएको फिर्ता गर्नुपर्ने रकम रु. |
|---|---|---|---|---|
| कोल्पुखोला स्वास्थ्य चौकी गढीको थुम्का वडा कार्यालय सडक (प्रदेश समपुरक) | १,१२,९०,९७४.०० | ५६,४५,४८७.०० | ५९,४५,८१९.०० | ३,००,३३२.०० |
| छबिसे नन्दुटार दुईपीपल सडक (प्रदेश समपुरक) | १,१२,४९,८४४.०० | ५६,२४,९२२.०० | ७७,७६,७३६.०० | २१,५१,८१४.०० |
| जम्मा रु. | | | | २४,५२,१४६.०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,५२,१४६ |

## ६ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| भुमिकर/मालपोत | ४०,००,००० | १८,४५,६६७ | ४६.१४ |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट आय | ५,००,००,००० | ३,०९,८१,४७६ | ६१.९६ |
| नक्सापास दस्तुर | २०,००,००० | ८०,१६५ | ४.०१ |
| सिफारिश दस्तुर | ५०,००,००० | ६१,३४,१०२ | १२२.६८ |
| अन्य राजस्व | १०,००,००० | २७,६६,९१२ | २७६.६९ |

| | | | |
|---|---|---|---|
| व्यवसाय कर | ०.०० | ०.०० | ० |
| जम्मा गैर कर राजस्व | ५,८०,००,००० | ३,९९,६२,६५५ | ६८.९ |
| जम्मा आन्तरिक राजस्व | २१,८०,०४००० | १७,०५,०६,१९६ | ७८.२१ |

पालिकाले व्यवसाय कर समेत सिफारिस तथा अन्य राजस्वमा जनाउने गरेकोले सो को अनुमान तथा असुलि समेत शुन्य जनाएको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

७ **राजश्व अभिलेख**

कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै छानविन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापनमा विशेष ध्यान पुर्याउनुपर्ने देखियो ।

८ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क शिर्षक कायम नगरेको र सिफारिस दस्तुर जनाई आम्दानि लेख्ने गरेको छ ।यसवाट व्यवसाय दर्ता तथा नवीकरणवापत कर सङ्कलन गरेको जनाएकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ भन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

९ **राजश्व संकलक**

पालिकाले पालिका भरीका वडाहरुको राजश्व संकलन ढुंगा गिटि वालुवा अमानतवाट उठाउनका लागी दैनिक डोर हाजिरी १४ जना राजश्व संकलक नियूक्त गरेको छ ।सम्झौता बमोजिम दैनिक रु.१२०० का दरले डोर हाजिरी अनुपातमा भुक्तानि दिईने व्यवस्था उल्लेख छ ।यसरी दैनिक ज्यालादारीमा नियूक्त गर्दा जिल्ला दररेट अनुसार दक्ष, अदक्ष छुट्याई गर्नुपर्ने व्यवस्था छ । पालिकाले राजश्व संकलकहरुको दैनिक पारिश्रमिक निर्धारण निश्चित आधार वेगर गरेको देखियो । यस आ व मा ढुंगा गिटी वालुवा संकलनवाट रु ४२३९६०६३ राजस्व संकलन भएकोमा संकलन खर्च रु ६१३२००० भएको छ । साथै पालिकाले देहायका राजश्व संकलकहरुको पारिश्रमिक भुक्तानिमा सम्झौता विपरीत ईन्धन सुविधा प्रदान गरेकोमा नियन्त्रण गरिनु पर्दछ ।

| राजश्व संकलक | असोज र कार्तिक | मंसिर, पुष र माघ | माघ र फाल्गुन | चैत्र र बैशाख | जेष्ठ र अषाढ | जम्मा |
|---|---|---|---|---|---|---|
| राजकुमार दाहाल | ६००० | ४००० | ० | ० | ० | १०००० |
| टेक बहादुर लामा | २००० | ० | ० | ० | ० | २००० |
| राजेश लामिछाने | २५०० | २००० | २५०० | १००० | १००० | ९००० |
| कुमार सापकोटा | ६००० | २००० | ० | ० | | ८००० |
| नवराज पाण्डे | २००० | ० | ० | १००० | १००० | ४००० |
| यादव प्र लामिछाने | ४००० | ० | ० | ० | | ४००० |
| सुमन नेपाल | ७००० | ५००० | ५००० | ३००० | ९००० | २९००० |
| शिव प्रसाद गजुरेल | ० | २००० | ० | ० | | २००० |
| शिवहरि पुडासैनी | ० | २००० | ० | ० | | २००० |
| पुष्प प्रसाल रिमाल | ० | ० | ४००० | २००० | | ६००० |
| दिपक चित्रकार | ० | ० | १००० | ० | | १००० |
| राजेन्द्र गजुरेल | ० | ० | २५०० | २००० | २००० | ६५०० |
| कूल जम्मा | | | | | | ८३५०० |

## १० **आवधिक योजना**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ ।

## ११ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा

कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१२ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

१३ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०७९।३।१० मा रु.९७ करोड ९७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०७९।३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले मिति २०७९।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ ।

१४ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०७९।८० मा निम्नअनुसार १३ वडाको लागि वडागत र पालिकास्तरका कुल ५०७ योजनामा वजेट विनियोजन गरेको छ।

| कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्म योजना | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|
| पालिकास्तरीय | २४० | ८ | ४१ | १९१ |

| | | | | |
|---|---|---|---|---|
| वडास्तरीय | २६७ | १ | ३० | २३६ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

## १५ लक्ष्य प्रगति

कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ५५७ | १३३ | ३ | ९ | १८ |

## १६ वार्षिक खरिद योजना/गुरुयोजना

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु२९१३८९७६०.०१ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

## १७ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप

सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

१८ **नदीजन्य पदार्थको ठेक्का सम्वन्धमा**

पालिकाले आर्थिक वर्ष २०७९।८० लागि राजस्व परामर्श समितिले २९८७९८।४७ घनमिटर नदी जन्य पदार्थ संकलन तथा विक्रीवितरण गर्न का लागि रु ११०८३७०००।मु अ कर वाहेक प्रथम पटक सुचना प्रकाशन गरेको मा चार पटक पनि सुचना प्रकाशन गर्दा कुनै पनि ठेक्का नपरेकोले पालिकाले पहिलेको अनुमनम घटाई रु ४२३९६०६३। कायम गरेको र सोमा ठेक्का पनि नपरेकोले पालिकाले कार्यपालिकाको निर्णय वेगर अमानत वाट कार्य गराएको र १४ जना कर्मचारी व्यवस्था गरी प्रतिदिन प्रतिव्यक्ति १२००। का दरले वार्षिक रुपमा ६१३२०००। संकलन खर्च गरी नदीजन्य पदार्थ वाट यस वर्ष रु ४९६५२९२२। संकलन भएको छ । त्यसमा कति घनमिटर नदिजन्य पदार्थ संकलन भयो भन्ने वारे अद्यावधिक विवरण तथा मु अ कर संकलनको यकिन हुन सकिएन । ठेक्का लगाउने तर्फ पालिकाले ध्यान जानु पर्ने देखिन्छ ।

१९ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.६,२०,००,००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.४१८०८३२२ अर्थात अनुमान भन्दा ३२ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

२० **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७६२७९४८९५ | ४१८०८३२२ | ५.४ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ५.४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२१ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ९१९९५००० | ४३८२२९९४ | ५.३६% |
| २ | पूर्वाधार विकास | २९३५२६५४२ | १७६६४५१३५.०१ | २१.६२% |
| ३ | सामाजिक विकास | ४६७३७७२९९ | ३७११०२६५७.१७ | ४५.४२% |
| ४ | बातावरण तथा विकास | | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | २८५६२००० | २१२७१९०६ | २.६०% |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | २३३७६५००० | २०४१६७२४०.१२ | २४.९९% |
| जम्मा | | १११५२२५८४१ | ८१७००९९३२ | ७३ |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४५.४२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटी अर्थात् २.६० प्रतिशत रहेको छ । पालिकाले प्राथमिकताका क्षेत्र तोकि वजेट विनियोजन तथा खर्च गर्नुपर्दछ ।

## २२ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु.४१८०८३२२ राजस्व बाँडफाँडवाट रु.१०६९४९२८२.८ र अनुदानबाट रु.७६२७९४८९५ समेत रु.९४९३१७९४८।३६ आम्दानी भएकोमा चालु तर्फ रु.५२५६२०१७२।२९ र पूँजिगत तर्फ रु.२९१३८९७६०.०१ र वित्तीय ब्यबस्था तर्फ रु. २०३३३३३२७ समेत रु.१०१९७९४६३७.७ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ४.१ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१०७७९५०० खर्च भएको छ जुन आन्तरिक आयको २५ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ५१ प्रतिशत चालु र २८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## २३ त्रैमासिक/चौमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार सुत्रको चौमासिक खर्च विवरणअनुसार पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ । रु हजारमा

| बजेट उपशिर्षक | कुल खर्च | चौमासिक खर्च | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | |
| पुँजीगत खर्चतर्फ | २९१३८९ | १६७२६ | ८०८४८ | १९३८१४ | ७४२१३ |
| प्रतिशत | १०० | ५ | २८ | ६७ | २५ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.२९१३८९७६०.०१ निकासा भएकोमा प्रथम चौमासिकमा रु.१६७२६४७९ (५ प्रतिशत), दोस्रो चौमासिकमा रु.८०८४८८८७ (२८ प्रतिशत) र तेस्रो चौमासिकमा रु.१९३८१४३९४.०१ (६७ प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.७४२१३७०१ (२५प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

२४ **बर्षान्तमा रकमान्तर**

स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा(३) अनुसार पालिकाले सभावाट स्वीकृत बजेट तथा कार्यविधिको परिधि भित्र रही प्रचलित कानून बमोजिम खर्च गर्न सकिने व्यवस्था गरेको छ। तदनुरुप पालिकाले यस ऐन अनुसार स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रहि तोकिएको कार्यक्रम सञ्चालन गर्नुपर्नेमा यस पालिकाले २०७९ आषाढमा आर्थिक वर्ष ०७९।८० को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार कार्य सञ्चालन नगरी यस नगरपालिकाको मिति २०७९।१२।२३ को कार्यपालिकाको निर्णयवाट भवन निर्माणको रु.२ करोड रकमान्तर घट गरी सो रकम विभिन्न ४१ योजनमा बजेट वृद्धि गरी खर्च गरेको र आ व २०८०।८१ को वजेट पारित गर्दा विगतमा भएका कार्यपालिकाका सम्पुर्ण निर्णयहरु एकमुष्ट अनुमोदन गरेको पाईयो । यसरी शुरुमा स्वीकृत कार्यक्रममा खर्च नगरी वर्षान्तमा बजेट फ्रिज नगर्न शिर्षक परिवर्तन गरी भुक्तानी खर्च लेखेको नियम सम्मत भएको देखिएन ।

२५ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा स्वीकृत बेरोजगार व्यक्तिलाइ न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्धेश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा २(१) मा बमोजिम पालिकाले

बेरोजगारको तथ्यांक अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाइ प्राथमिकीकरण गरीः प्राथमिकता क्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराइ रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७७ को सि नं ४ अनुसार श्रममूलक आयोजना छनौट गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमाका सबै चरण पुरा गरि आयोजना बैंक तयार गरी सोहि आयोजना बैंक अनुसार प्राथमिकता क्रममा रहेका बेरोजगार व्यक्तिको आधारमा कार्यपालिकाको योजना सञ्चालन गर्नुपर्ने हुन्छ । तर गाउँपालिकामा आयोजना बैंक तयार नगरी कार्यक्रम सञ्चालन गरेको पाइयो । यस आ वमा पालिका अन्तर्गतका १३ वटा वडामा सञ्चालन भएका आयोजना निम्नानुसार छन् ।

| क सं | कार्यक्रम | संख्या | खर्च रकम रु |
|---|---|---|---|
| १ | सडक मर्मत सम्भार एंव सरसफाइ | १३ | २१,९९ ,९१२। - |
| ६ | खानेपानी तथा सरसफाइ | २० | ११,७९ ,०००। - |
| जम्मा रु | | | ३३७८९१२।- |

प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस पालिकामा यस आ वमा रु ५७,७५,०००।- रकम व्यवस्था भएकोमा रु५१,४३,६४८।- करिब ८९.०६ प्रतिशत खर्च भएको देखिन्छ ।यस मध्ये रु३३,७८,९१२।- श्रमिकको ज्यालामा खर्च भएको देखिन्छ । यस कार्यक्रमका लागि स्थानीय तहभित्रका वडामा सडक मर्मत लगायतका कार्यक्रम सञ्चालन गर्न दर्ता गरिएका ३५१ जना मध्ये यस वर्ष ५९ जनालाइ जम्मा ५८५६ दिन रोजगारी प्रदान गरेको देखिन्छ ।

## २६ शिक्षक दरबन्दी र पदपूर्ति

आ व २०७९।८० मा पालिकाको शिक्षक दरबन्दी र पदपूर्तिको व्यहोरा देहाय बमोजिम रहेको छ :

| विद्यालयको संख्या | दरबन्दी | स्थायी पदपूर्ति | पदपूर्ति मध्ये करार | रिक्त पद | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|---|
| ५४ | ३४७ | ३४३ | १९८ | ४ | ८९५९ | २५.८१ |

उपरोक्त तालिका बमोजिम शिक्षक विद्यार्थी अनुपात १:२५ रहेको छ । त्यसैले तोकिए बमोजिम शिक्षक विद्यार्थी अनुपात कायम गर्दै स्थायी पदपूर्ति गर्नेतर्फ पालिकाले पहल गर्नुपर्दछ ।

## २७ दिवाखाजा कार्यक्रम

विद्यालय दिवाखाजा व्यवस्थापन सहयोगी पुस्तिका २०७७ को बुँदा नं ५ मा विद्यालयहरुले चौमासिक रुपमा प्रगति विवरण तयार गरी हाजिरी सहित बजेट माग गर्ने र बुँदा नं ६ मा विद्यालयको माग बमोजिम सम्बन्धित स्थानीय तहले विद्यार्थी संख्या र हाजिरी यकिन गरी रकम निकासा गर्नुपर्ने व्यवस्था रहेको छ । तर, पालिकाले देहायका भौचरबाट दिवा खाजा बापतको रकम विद्यार्थीको प्रमाणित हाजिरी सहितको माग बिना नै निकासा गरेको छ । पालिकाले निर्देशिका

बमोजिम विद्यार्थीको प्रमाणित हाजिरी र इमिसको तथ्यांकका आधारमा विद्यार्थी संख्या यकिन गरी रकम निकासा गर्नुपर्दछ ।

| गो भौ नं | विद्यालय संख्या | निकासा रकम रु |
|---|---|---|
| १६८।०७९।९।२६ | ४४ | ५२,२२ ,४००। - |
| २९८।०७९।१०।२६ | ९ | १०,१० ,४००। |
| ४४४।०८०।१।२६ | ५४ | ४३,०९ ,८००। - |
| ६३८।०८०।३।२३ | ५४ | २३,४९ ,०००। - |
| जम्मा रु | | १,२८ ,९१ ,६००। - |

२८ **सेनेटरी प्याड व्यवस्थापन**

सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि २०७६ मा विद्यालयले छात्रा विद्यार्थी लगत तयार गरी सम्बन्धित स्थानीय तहमा लेखी पठाउने र स्थानीय तहले प्राप्त संख्याको आधारमा एक महिनामा एक छात्राले बढीमा १६ वटा सेनेटरी प्याड प्राप्त गर्ने गरी आवश्यक मात्रामा खरिद गरी सम्बन्धित विद्यालयको महिला शिक्षक वा कर्मचारीलाइ सम्पर्क व्यक्ति तोकी प्याड वितरण प्रक्रिया सुचारु गरी अर्को महिनाको ७ गतेभित्र सूचना पाटीमा विवरण टाँस्नुपर्ने व्यवस्था छ ।

पालिकाले यस आ व मा कक्षा ६ देखि १२ सम्मका २३५१ जना छात्राका लागि ११७६० प्याकेट सेनेटरी प्याड खरिद गरी सिमपानी ट्रेड कन्सर्नलाइ रु ९९९,५८३।— (मू अ कर सहित)भुक्तानी गरेको छ । जसमध्ये ७१८२ प्याकेट विद्यालयलाइ वितरण गरी ४५७८ प्याकेट मौज्दातमा रहेको देखिएकोले कार्यक्रमको उद्धेश्य अनुरुप समयमै वितरण हुनुपर्दछ ।

२९ **प्रतिविद्यार्थी लागत**

पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०७९।८० को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहेको छ ।

| बजेट विवरण | बजेट रकम | खर्च रकम | विद्यार्थी संख्या | प्रति विद्यार्थी लागत रु. |
|---|---|---|---|---|
| तीनै तहका सरकारबाट जम्मा | २८१६२७०००।- | २५२७७७५११।- | ८९५९ | ३१४३५।- |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको बालविकास देखि कक्षा १२ सम्मको प्रति विद्यार्थी लागत रु ३१,४३५।- रहेको देखिन्छ ।

३० **स्वास्थ्यतर्फको तलवी प्रतिवेदन**

बागमती प्रदेश “स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९” को दफा ६९ को उपदफा ५ मा प्रदेश किताबखाना वा प्रदेश लेखा नियन्त्रक कार्यालय वा इकाइ कार्यालयबाट तलबी प्रतिवेदन पारित नगराइ तलब भुक्तानी गर्नुहुँदैन भन्ने व्यवस्था रहेको छ । । यस आ वमा पालिकाले स्वास्थ्यतर्फका ५४ जना कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु २,४७,०२,८०९।- खर्च लेखेको छ । तलवी प्रतिवेदन पारित नगरेको कारण कर्मचारीहरुलाइ भुक्तानी गरेको तलब, ग्रेड रकम यकिन गर्न सकिएन ।

३१ **टुक्रे खरिद**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा प्रतिस्पर्धालाइ सीमित गर्ने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ । साथै सोही ऐनको दफा ६ मा वार्षिक खरिद योजना तयार गरी आवश्यकता अनुसार खरिद विधि छनौट गरी खरिद कार्य गर्नुपरेमा पालिकाले निम्नानुसारका भौचरबाट नियम विपरीत हुने गरी खरिद योजना तयार नगरिकनै टुक्रा टुक्रा पारी खरिद गरेको हुँदा आगामी दिनमा सुधार हुनुपर्दछ ।

| गो भौ नं | सामाग्रीको नाम | आपूर्तकको नाम | रकम रु |
|---|---|---|---|
| १४३।०७९।९।७ | औषधी | भिमदेवी मेडिसिन सप्लायर्स | ९६७,११०।- |
| ४२५।०८०।१।१५ | सर्जिकल आइटम | अल्पाइन भेट कन्सर्न प्रा लि | २३४,५००।- |
| ५८३।०८०।३।१९ | औषधी तथा सर्जिकल आइटम | मेडिजोन मेडिसिन कन्सर्न | ५९१,३५६।- |
| ६५३।०८०।३।२३ | सर्जिकल आइटम | मेडिजोन मेडिसिन कन्सर्न | १६४,९९२।- |
| जम्मा रु | | | १९,५७,९५८। |

३२ **भ्रमण खर्चः** (३३५-२०७९-९-२१):

भ्रमण खर्च नियमावली, २०६४ नियम (७) बमोजिम सरकारी कामको सिलसिलामा मुलुकभित्र आफ्नो कार्यालय भन्दा बाहिर भ्रमणमा वा काजमा खटिएका पदाधिकारी वा कर्मचारीले अनुसूची २ बमोजिमका दरमा दैनिक भत्ता पाउने उल्लेख छ । कृषि विकास अधिकृत श्री दिनेश प्रसाद जमरकटेल को मिति ०७९।८।२५ देखि ०७९।८।२९ सम्मको भ्रमण आदेश भएकोमा निजको हाजिरी छड्के गर्दा ०७९।८।२५ र ०७९।८।२९ मा पालिकामा हाजिरी गरेको देखियो । निजले पेश गरेको भ्रमण विलमा ०७९।८।२५ देखि ०७९।८।२९ सम्मकै भ्रमण खर्च रु.७८०० भुक्तानी भएकोमा पालिकामा हाजिर भएको अवस्थामा भुक्तानी भएको भ्रमण खर्च असूलगर्नुपर्नेरु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२०० |

३३ **खर्चको प्रमाण पेश नभएकोः**

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व ऐन, २०७६ को दफा ३५ मा कार्यालयले गरेको आर्थिक कारोबार सम्बन्धि लेखा श्रेस्ता अन्तिम लेखापरीक्षणमा पेश गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । देहायअनुसारमा भुक्तानी खर्च

लेखेको रु. १२६३००रकमको श्रेस्ता पेश भएको छैन । के कस्तो प्रयोजनमा उक्त खर्च भएको हो सोको प्रमाण कागजात पेश हुनुपर्ने रु.

| गो. भौ . नं . | खर्च रकम | कैफियत |
|---|---|---|
| ९२०पालिका चालु | ७८३०० | खर्च शिर्षक नखुलेको तथा भौचर नभएको |
| ९२२पालिका चालु | ३५००० | खर्च शिर्षक नखुलेको तथा भौचर नभएको |
| ९३३ पालिका चालु | १३००० | खर्च शिर्षक नखुलेको तथा भौचर नभएको |
| जम्मा | १२६३०० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,२६,३०० |

३४ **जिल्ला रेडक्रस जिन्सि दाखिलाः** (७४७-२०८०-२-२३):

आर्थिक कार्यविधि तथा वित्तिय उतरदायित्व ऐन २०७६ को दफा २८ मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको जिन्सि मालसमान ७ दिनभित्र यथास्थानमा दाखिला गरी श्रेस्ता खडा गर्नुपर्ने र जिन्सि बुझाउदा बुझेको व्यत्तिको रीत पूर्वकको भर्पाई राख्नुपर्ने व्यवस्था छ ।जिल्ला रेडक्रस रक्त संकलन केन्द्र संचालन खर्च अनुदान वापत रेडक्रस सोसाइटीले रु.521000 को रेफ्रिजेरेटर खरिद बिल पेश गरेको भएतापनी रेडक्रससोसाइटिले रेफ्रिजेरेटर बुझेको भरपाई तथा जिन्सी खाता दाखिला प्रमाण पेश नभएकाले सो को प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२१,००० |

३५ **ज्येष्ठ नागरिक कार्यक्रमः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ।देवीघाट ज्येष्ठ नागरिक उत्थान कार्यक्रम संचालन खर्च अनुदान वापत देवीघाट ज्येष्ठ नागरिक संरक्षण तथा अध्ययन प्रतिष्ठानलाई भौ.नं. रमिति ४३८।०७९।१०।२३ बाट रु २८००० र ३३७।०७९।९।२२ बाट रु ५००००० गरी कूल रु. ५२८००० को खाद्यान्न तथा ज्येष्ठ नागरिक सामाग्रि खरीदको विल पेश भए तापनि ज्येष्ठ नागरिकले सामाग्रि बुझेको भर्पाई प्रमाण पेश नभएकाले सोको प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,२८,००० |

३६ **ज्यालादारी शिक्षकः** (७४०-२०८०-२-२८):

शिक्षा नियमावली २०५९ को नवौं (संसोधन) २०७७ मा शिक्षकहरुलाई ज्यालादारी करारमा नियूक्त गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले मिति २०७९।१०।२५ गतेको पत्र मार्फत मिति २०७९।११।१ देखि लागु हुने गरी डोर हाजिरीका आधारमा मासिक रु २०००० दिने गरी श्री महामाया माध्यमिक विद्यालय बेलकोटगढि-९ नुवाकोट का लागि खेलकुद शिक्षक श्री कविन्द्र कारन्जितलाई २०७९ असोज १ देखि २०८० वैशाख सम्म नियूक्त गरी डोर

हाजिरीका आधारमा भुक्तानि गरेको रकम नियमसम्मत नभएको साथै पालिकाले निजलाई प्रदान गरेको नियूक्ति पत्रमा २०७९ फाल्गुन १ गते देखि लागु हुने भनेकोमा निजलाई २०७९ असोज देखिनै पारिश्रमिक भुक्तानि भएकोमा तोकिएको समयभन्दा बढी अवधिको उक्त रकम असूल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

३७ **भ्रमण खर्चः**

बागमती प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ५(३)को उपदफा (१)बमोजिम तीन दिन सम्मको भ्रमण आदेश अध्यक्ष/प्रमुखको हकमा स्वंयले स्वीकृत गर्न सक्ने र सोभन्दा बढी दिनको भ्रमण आदेशको लागि कार्यपालिकाको बैठकबाट स्वीकृत वा अनुमोदन गर्नु पर्ने उल्लेख छ ।नगर प्रमुख श्री जगत बहादुर गुरुङ्गको ३ दिन भन्दा बढि अवधिको देहायका भ्रमण आदेशमा कार्यपालिकाको स्विकृति बेगर खर्च लेखेको नियमित नदेखिएको रु.

| भौ. नं . र मिति | भ्रमण अवधि | खर्च रकम |
|---|---|---|
| ३९।०७९।६।७ | २०७९।५।१४ देखि २०९७।५।२० सम्म ७ दिन | ११२५० |
| | २०७९।५।२७ देखि २०७९।६।२ सम्म ७ दिन | ११२५० |
| २०६।०७९।८।२७ | ०७९।६।१२ देखि ०७९।६।१८ सम्म ७ दिन | ११२५० |
| | ०७९।७।१४ देखि ०७९।७।२० सम्म ७ दिन | ११२५० |
| | ०७९।८।८ देखि ०७९।८।१४ सम्म ७ दिन | ११२५० |
| ४३२।०७९।१०।१८ | ०७९।९।७ देखि ०७९।९।१३ सम्म ७ दिन | ११२५० |
| ५३१।०७९।११।१५ | ०७९।१०।२१ देखि ०७९।१०।२७ सम्म ७ दिन | ११२५० |
| ५८९।०७९।१२।९ | ०७९।११।११ देखि ०७९।११।१७ सम्म ७ दिन | ११२५० |
| | ०७९।११।२२ देखि ०७९।११।२९ सम्म ७ दिन | ११२५० |
| ६७७।०८०।१।८ | ०७९।१२।३ देखि ०७९।१२।९ सम्म ७ दिन | ११२५० |
| ७४३।०८०।२।१८ | ०८०।१।६ देखि ०७९।१।१२ सम्म ७ दिन | ११२५० |
| | ०८०।१।२१ देखि ०८०।१।२७ सम्म ७ दिन | ११२५० |
| | जम्मा | १३५००० |

| | |
|---|---|
| अनियमित भएको | १,३५,००० |

३८ **बैठक भत्ता** (६-२०७९-९-२२):

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ मा गाँउपालिका नगरपालिका उपमहानगरपालिका महानगरपालिका का अध्यक्ष/प्रमुख उपाध्यक्ष/उपप्रमुख वडा अध्यक्ष कार्यपालिका सदस्य वडा सदस्यले अनुसुची १क मा उल्लेख भएबमोजिम सुविधा पाउने व्यवस्था गरेको छ भने अनुसुची १क मा नगरपालिका पदाधिकारीले प्रति वैठक रु १००० पाउने व्यवस्था रहेको छ ।मिति २०७९/४/२३, २०७९/४/२६, २०७९/७/३, २०७९/७/१६, २०७९/७/२९ गते वैठक वापत पालिका पदाधिकारी र कर्मचारीलाइ बैठक भत्ता वापत प्रतिवैठक रु १५०० भुक्तानी गरीएकोमा ऐनको व्यवस्था भन्दा वढी वुझेको रकम असुल गर्नुपर्ने रु

| नाम | वैठक संख्या | वुझेको दर | वुझ्नुपर्ने दर | बढी भुक्तानी भए दर | करकट्टी पछी वुझेको रकम |
|---|---|---|---|---|---|
| जगत वहादुर गुरुङ | ३ | १५०० | १००० | ५०० | १२७५ |
| शिव प्रसाद दाहाल | ५ | १५०० | १००० | ५०० | २१२५ |
| सुर्यदर्शन पण्डित | ५ | १५०० | १००० | ५०० | २१२५ |
| दामोदर दाहाल | ५ | १५०० | १००० | ५०० | २१२५ |
| दिनेश प्रसाद जम्मकट्टेल | ५ | १५०० | १००० | ५०० | २१२५ |
| सुन्दर श्रेष्ठ | ५ | १५०० | १००० | ५०० | २१२५ |
| विनोद पौडेल | ५ | १५०० | १००० | ५०० | २१२५ |
| जगत वहादुर गुरुङ | ६ | १५०० | १००० | ५०० | २५५० |
| शिव प्रसाद दाहाल | ६ | १५०० | १००० | ५०० | २५५० |
| सुर्यदर्शन पण्डित | ६ | १५०० | १००० | ५०० | २५५० |
| दामोदर दाहाल | ६ | १५०० | १००० | ५०० | २५५० |
| देव कुमार गिरी | ६ | १५०० | १००० | ५०० | २५५० |
| दिनेश प्रसाद जम्मकट्टेल | ६ | १५०० | १००० | ५०० | २५५० |
| सुन्दर श्रेष्ठ | ६ | १५०० | १००० | ५०० | २५५० |
| विनोद पौडेल | ६ | १५०० | १००० | ५०० | २५५० |
| गोविन्द प्रसाद नेपाल | ६ | १५०० | १००० | ५०० | २५५० |
| जम्मा | | | | | ३६९७५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,९७५ |

३९ **गाडि भाडाः** (८२-२०७९-६-१३):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ।पालिकाको वडा नं. ७ मा निर्माणाधिन नेपाल विद्युत प्राधिकरणको ट्रान्सफर्मर तार लगायत विद्युतिकरणका लागि आवश्यक सामाग्रि ढुवानी वापत गाडि नं. ना२ख ८०४, ना३ख ४८२४ र ना३ख ३१९५ बाट ढुवानी गरिएको भनि विनोद उप्रेतिलाई विविध खर्च शिर्षकबाट गाडि भाडावापत रु.१६२००० (कर कट्टि पश्चात) भुक्तानि भएकोमा गाडि भाडा सम्झौता पत्र, भाडा रकम बुझेको विल भर्पाई संलग्न नभएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,६२,००० |

४० **बैठक भत्ता** (९६४-२०८०-३-२४):

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन २०७५ को दफा ३ मा गाँउपालिका नगरपालिका उपमहानगरपालिका महानगरपालिका का अध्यक्ष/प्रमुख उपाध्यक्ष/उपप्रमुख वडा अध्यक्ष कार्यपालिका सदस्य वडा सदस्यले अनुसुची १क मा उल्लेख भएबमोजिम सुविधा पाउने व्यवस्था गरेको छ भने अनुसुची १क मा नगरपालिका पदाधिकारीले प्रति वैठक रु १००० पाउने व्यवस्था रहेको छ ।वागमती प्रदेशको प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ को दफा ३ मा बैठक कार्यालय समय अघि वा पछि वसेको हुनुपर्ने, कानून वमोजिम गठित समिति वाहेक एउटै निकायका पदाधिकारी वा कर्मचारी मात्र सम्मिलित वैठकमा भत्ता नपाइने, बैठकमा अतिरिक्त विशेषज्ञ सेवा आवश्यक परेको अवस्थामा वढीमा तीन जना आमन्त्रित सदस्यको रुपमा राख्न सकिने र वैठक व्यवस्थापन गर्न वढीमा दुइ जनासम्म सहयोगी कर्मचारी संलग्न गराउन सकिने व्यवस्था रहेको छ ।स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानिय राजश्व परामर्श समिति, दफा ६६ मा स्रोत अनुगमन तथा बजेट सिमा निर्धारण समिति, दफा ६७ मा बजेट तथा कार्यक्रम तर्जुमा समिति समिति र समितिमा रहने सदस्य तोकेको छ । नेपाल सरकार अर्थमन्त्रालयबाट जारी कार्यसञ्चालन निर्देशिका २०७७ को परिच्छेद ७ मा खर्च मापदण्ड सम्बन्धी निर्णय तथा कार्यविधि को व्यवस्था रहेको छ । पालिकाले देहायका समितिको वैठक वसी भत्ता भुक्तानी गर्दा उल्लेखित ऐन लगायत अन्य प्रचलित ऐन बमोजिम समितिमा रहनुपर्ने सदस्य एकिन नगरी भत्ता भुक्तानी गरेको पाईयो । यस सम्वन्धमा पालिकाले यकिन गर्नुपर्ने रु

| सि नं | समितिको नाम | वैठक संख्या | जम्मा उपस्थित संख्या | भत्ता दर |
|---|---|---|---|---|
| १ | पुन एकिकरण कार्यक्रम | ४ | ४० | १००० |
| २ | कृषि समिति | ५ | ४२ | १५०० |
| ३ | रोजगार सेवा केन्द्र | ५ | ४२ | १००० |
| ४ | स्थानिय मल आपुर्ति तथा वितरण समिति | ५ | ३० | १५०० |
| ५ | राजश्व परामर्श समिति | ३ | ३३ | १५०० |
| ६ | स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति | १ | ११ | १५०० |
| ७ | बजेट तथा कार्यक्रम तर्जुमा समिति | २ | २८ | १५०० |

| | | | | |
|---|---|---|---|---|
| ८ | अनुगमन तथा सुपरिवेक्षण समिति | १ | ९ | १५०० |
| ९ | मुल्यंकन समिति | १५ | ११४ | १५०० |
| १० | विधायन समिति | ६ | ५१ | १५०० |
| ११ | वातावरण तथा विपद व्यवस्थापन समिति | ३ | २४ | १५०० |
| १२ | पुर्वाधार विकास समिति | ३ | २६ | १५०० |
| १३ | आर्थिक विकास समिति | ३ | ३३ | १५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,५८,००० |

४१ **बैठक भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ। पालिकाले पालिकामा रिक्त दरवन्दि पदपुर्तिका लागि परिक्षा समितिका सदस्यहरु र पालिकामा कार्यरत सहायकस्तर चौथो तहसम्मका कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकनको लागि गठित पुनरावलोकन समितिको बैठक वापत भत्ता प्रदान गरेकोमा बैठक बसेको मिति, समय, बैठकको माईन्यूट प्रमाण कागजात संलग्न रहेको नदेखिएकोले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल उपर गर्नुपर्ने व्यहोरा औल्याएकोमा छलफलको क्रममा प्रतिवेदन जारी गर्नुपुर्व माईन्यूट प्रमाण कागजात पेश भएको छ ।

| भौ. नं . र मिति | कर्मचारीको नाम पद | भत्ता रकम( कर कट्टि पश्चात ) |
|---|---|---|
| ११६।०७९।७।१ | प्र. प्र . अ . श्री सूर्यप्रसाद पण्डित | ९४८६० |
| | अधिकृत नवौं श्री देवराज निरौला | १४११० |
| | विज्ञ सदस्य श्री कृष्ण प्रसाद भण्डारी | २३०८३ |
| | ईन्जिनियर श्री प्रभात रेग्मि | ९०९५ |
| | प्रसनि श्री शिवपुजन यादव | ६७७२ |
| | अधिकृत सातौं श्री देवकुमार गिरि | ४४६२५ |
| | अधिकृत सातौं श्री शिवराम अधिकारी | १०६३१० |
| | अधिकृत छैठौं श्री शुक्रकुमार श्रेष्ठ | ४८२८० |
| | ईन्जिनियर श्री विश्वजित होना | १२९२० |

| | | |
|---|---|---|
| | सहायक पाचौ श्री युवराज पन्थी | १२७५० |
| | सहायक पाचौ श्री सुमन नेपाल | १०२०० |
| | सहायक चौथो श्री ऋषि पोखेल | ८९२५ |
| | सहायक चौथो श्री राजु श्रेष्ठ | २९४९५ |
| | सहायक पाचौ श्री जानकी देवी मिश्र | ८९२५ |
| | सू. प्र . अ . श्री सुजन कुमार डोटेल | ३७९५८ |
| | न्या. स श्री विदुर कुमारु पुडासैनी | ११४७५ |
| | एम. आई . एस अपरेटर श्री हरिवंश दाहाल | ४५०५ |
| | एम. आई . एस अपरेटर श्री सुनिल न्यौपाने | ४५०५ |
| | का. स श्री केदार तामाङ | ५१०० |
| | का. स . श्री समुन्द्र तामाङ | ५१०० |
| | का. स . श्री कविता तामाङ | ६१६२ |
| | का. स . श्री कल्पना तामाङ | ४४२० |
| | जम्मा | ५०९५७५ |

४२ **नगरसभा खर्चः** (९५१-२०८०-३-२४):

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसुची १(क) बमोजिम पालिकाका पदाधिकारीले सवारिसाधन नबुझेमा यातायातखर्चवापत मासिक रु. १०,००० (दश हजार) का दरले उपलब्ध गराउने उल्लेख छ ।पालिकाले नवौं नगरसभा सञ्चा लन खर्च वापत अधीकृत छैठौं श्री शुक्र कुमार श्रेष्ठको पेश्की फछ्यौंटमा गर्दा देहाय बमोजिमका पदाधिकारीले पालिकावाट सवारि साधन बुझेतापनी रु. २००० का दरले यातायात खर्च बुझेको रकम असुल उपर गर्नुपर्ने रु.

| क्र.स. | पदाधिकारीको नाम | यातायात खर्च |
|---|---|---|
| नगरप्रमुख श्री जगतबहादुर गुरुङ्ग | २००० | |
| उपप्रमुख श्री शिवप्रसाद दाहाल | २००० | |
| वडाध्यक्ष-२ श्री रामचन्द्र तिमिल्सिना | २००० | |

| | |
|---|---|
| वडाध्यक्ष -३ श्री कौशिला पुडासैनी | २००० |
| वडाध्यक्ष-४ श्री चन्द्रबहादुर लामा | २००० |
| वडाध्यक्ष-५ श्री मदन भुजेल | २००० |
| वडाध्यक्ष -७ श्री भुवनेश्वर नेपाल | २००० |
| वडाध्यक्ष-१०श्री प्रलाद प्रसाद थपलिया | २००० |
| वडाध्यक्ष-११श्री प्रकाशजंग पाण्डे | २००० |
| वडाध्यक्ष-१२श्री डिल्लीराम सिलवाल | २००० |
| वडाध्यक्ष-१३ श्री नवराज पाण्डे | २००० |
| जम्मा | २२००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,००० |

४३ **न्यायिक समिति कार्यक्रमः** (९१७-२०८०-३-२२):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।न्यायिक समिति कार्यक्रम सञ्चागलनका निम्ति अधिकृत छैठौं श्री शुक्र कुमार श्रेष्ठको पेश्की फर्छ्यौटमा पालिका न्यायिक समिति सुचिकृत मेलमिलापकर्ता, वडाध्यक्ष र प्रमुख प्रशासकिय अधिकृतज्यू लगायतका कर्मचारी सहभागी भई ३ दिने अन्तरपालिका स्तरिय अध्ययन अवलोकन भ्रमण गर्न लमजुङ्ग, तनहुँ र कास्की भ्रमण गर्न गएको भ्रमण प्रतिवेदनमा उल्लेख भएतापनि को-को व्यक्ति उक्त भ्रमण अवलोकन गएको नामनामेसीभर्पाई, प्रमाण,कागजात नराखी होटेल, खाजा तथा गाडी भाडाको बिलभरपाई मात्र पेश गरी रु६३३०००।०० भुक्तानी भएकोमा सहभागी व्यक्ति तथा सोहि अनुरुपका विल भरपाई भिडान हुने सक्कल कागजात पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,३३,००० |

४४ **प्रशिक्षक भत्ता**

४४.१ (३४-२०८०-३-२३):

अर्थ मन्त्रालयबाट प्रकाशित कार्य सञ्चालन निर्देशिका २०७७ को नियम ७.१.१५ मा सि नं ४ मा तालिम केन्द्र वाहेक अन्य सवै प्रकारका तालिमका स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिकमा सहायकस्तर/अन्य तालिममा गाँउपालिकास्तर कक्षा सञ्चालन बापत रु ७०० र कार्यपत्र वापत ८०० लिन पाउने उल्लेख छ साथै एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेट तथा कार्यपत्र भन्नाले कम्तिमा ७५० शव्दको प्रवन्ध सम्झनुपर्ने उल्लेख छ ।साथै सम्बन्धित कार्यालयले संचालन

गरेको कार्यक्रममा सोही कार्यालयका स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यस्था छ साथै कार्यक्रम संयोजकको रु ४०० र सहयोगी कर्मचारीको रु ३०० पाउने व्यवस्था रहेको छ । विविध खर्च खाताबाट देहायवमोजिमको तालिम सञ्चालन गर्दा वढी भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी गर्ने आधार पेश गर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,१८,८३० |

**(विस्तृत विवरण बेरूजु दफा ४४.१ सँग सम्बन्धित अनुसूची ३ मा संलग्न छ ।)**

४४.२ (१८-२०७९-१२-२९):

मौरी पालन तर्फः बागमती प्रदेशको प्रदेश सार्वजनिक खर्चको मापदण्ड २०७८ अनुसुची १ मा तालिम केन्द्र वाहेक अन्य सवै प्रकारका तालिमका स्रोत व्यक्ति प्रशिक्षकको पारिश्रमिकमा सहायकस्तर/अन्य तालिममा पालिकास्तर कक्षा सञ्चालन बापत रु ६०० र कार्यपत्र वापत ७०० लिन पाउने उल्लेख छ साथै एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेट तथा कार्यपत्र भन्नाले कम्तिमा ७५० शव्दको प्रवन्ध सम्झनुपर्ने उल्लेख छ ।साथै सम्बन्धित कार्यालयले संचालन गरेको कार्यक्रममा सोही कार्यालयका स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने व्यवस्था छ साथै कार्यक्रम संयोजकको रु ४०० र सहयोगी कर्मचारीको रु ३०० पाउने व्यवस्था रहेको छ । विनोद पौडेलले पेश्की पस्यौट गर्दा मौरीपालन तालिम सञ्चालन गर्दा देहायवमोजिम वढी भुक्तानी दिएको असुल गर्नुपर्ने रु

| नाम | भुमिका | सेसन | दर | पाउनुपर्ने दर | बढी वुझेको रकम | करकट्टि पछीको रकम |
|---|---|---|---|---|---|---|
| सुरक्षा सुवेदी | प्रशिक्षक | १२ | २५०० | १३०० | १४४०० | १२२४० |
| दिनेश जम्मकट्टेल | संयोजक | ३ | १००० | ४०० | १८०० | १५३० |
| गोविन्द नेपाल | प्रतिवेदक | ३ | १००० | ४०० | १८०० | १५३० |
| समुन्द्र तामाङ | व्य स | ३ | ७०० | ३०० | १२०० | १०२० |
| | | | | | | १६३२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३२० |

## ४५ खेलकुद कार्यक्रमः

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ।628।079।12।28 मेयर र उपमेयर सँग खेलकुद कार्यक्रम संचालन वापत कम्प्युटर अपरेटर श्री अन्मेस श्रेष्ठलाई रु 192000 भुक्तानी भएकोमा निजले पेश गरेको प्रमाण कागजातवाट खेलकुदमा सहभागी भएको खेलाडीहरुको नामनामेसी नखुलेको तथा खेलकुद साम्रगी बुझेको बिल भरपाई प्रमाण कागजात पेश नभएकाले सो को प्रमाण पेश गर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९२,००० |

४६ **गरिबसँग विश्वेश्वर कार्यक्रम**

गरिवसँग विश्वेश्वर कार्यान्वयन निर्देशिका २०७७ तेस्रो संसोधन को दफा ८ मा विपन्न परिवार छनौटका लागि आधार तोकिएको जसमा सम्पत्तिको स्वामित्व, आम्दानीको सिमा, वसोवास घर जग्गाको अवस्था, रोजगारीको अवस्था, कुपोषणका अवस्था, सामाजिक स्थिति लगायतलाई कुनै एक आधार बनाइ स्थानिय तहको सिफारिसमा लाभग्राही परिवार छनौट गर्नुपर्ने व्यवस्था छ । तर यस पालिकाले गरिवसँग विश्वेश्वर कार्यक्रम संचालन गरी १,४०,००० रुपैयाको २८ वटा स्प्रे पम्प र रु ८७००० को काउली बन्दा काँक्रो लगायतका ७ प्रकारका तरकारीको विउ वितरण गर्दा माथिका मापदण्ड अनुरुप विपन्न घरपरिवार छनौट नगरी सिधै ७ वटा सामुदायिक संस्थाको अध्यक्षहरुलाई सामाग्री हस्तान्तरण गरेको देखियो । यसरी निर्देशिका मा उल्लिखित प्रावधान पुरा नगरी कार्यान्वयन गर्दा विपन्न परिवारले कार्यक्रमबाट लाभ पाए नपाएको एकिन गर्न सकिएन साथै अनुगमन मुल्याङ्कन गरी प्रतिवेदन पेश भएको देखिदैन जसको कारण कार्यक्रमको उद्देश्य अनुरुप कार्यक्रम संचालन भयो भएन एकिन गर्न सकिएन । यस्ता कार्यक्रम संचालन गर्दा निर्देशिका वमोजिम गर्नुपर्ने देखिन्छ ।

४७ **अवलोकन भ्रमण खर्चः** (५७१-२०७९-१२-१):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।महिला स्वयमसेविका अवलोकन भ्रमण खर्चवापत महिला स्वास्थ्य स्वयमसेवीका अवलोकन तथा भ्रमण उपभोक्ता समितिलाई दिएको भुक्तानी रु. ९६००० भएतापनी महिला स्वयमसेविकाहरु कुन ठाँउ, कति अवधी अवलोकन भ्रमण गरेको प्रतिवेदन पेश नभएकोले सो को प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९६,००० |

४८ **धरौटी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ६६(१) कार्यालयमा जम्मा गरेको धरौटी नियम ६५ वमोजिम राजश्व दाखिला नहुने भएमा त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिले फिर्ता पाउने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसारका फर्महरुको धरौटी फिर्ता दिँदा मु अ कर समायोजन पत्र र कर चुक्ता प्रमाण वेगर भुक्तानी दिएकोमा कर समायोजन पत्र पेश गर्नुपर्ने रु

| गो भौ नं मिति | नाम | आ व | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|
| ६/०७९/६/११ | शुभम् जनरल सप्लायर्स | ०७६/०७७ | २२०६२ | मु अ कर समायोजन पत्र नभएको |
| ७/०७९/६/१२ | इन्द्रायणी रक्तकन्या प्रकाश तारा जे | | २६८८२१ | आ व २०७८/०७९ को मु |

| | | | | |
|---|---|---|---|---|
| | भी | | | अ कर समायोजन पत्र नभएको |
| ११/७९/८/१८ | नयाँ तुलसी ट्रेड लिंक प्रालि | | १३४००० | मु अ कर समायोजन नभएको |
| १९/०७९-१२-१५ | अन्नपुर्ण निर्माण सेवा | | २१९८८ | मु अ कर समायोजन पत्र र कस चुक्ता प्रमाणपत्र नभएको |
| | इन्काउन्टर निर्माण सेवा | | २२१२० | |
| | गणेश निर्माण सेवा | | २४८०५ | |
| | जया ज्योति निर्माण सेवा | | १९४९० | |
| | शुभारम्भ निर्माण सेवा | | २४८२० | |
| २०/०७९-१२-१६ | दुधेलामा कालिका कन्स्ट्रक्सन प्रालि | | ६४४१५९ | आ व २०७८/079 को सबै मु अ कर समायोजन नभएको |
| २८/०८०-३-१ | नेपाल पावर इन्जिनियरिङ एण्ड फेब्रिकेटर्स न्यु सामना इन्टरप्राइजेज जेभी | | १८१७५५ | आ व २०७७/07८ को सबै मु अ कर समायोजन नभएको |
| | जम्मा | | १३६४०२० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,६४,०२० |

४९ **नापी किताब पेश नभएको:** (४०७-२०७९-१०-६):

सार्वजनिक खरीद नियमावली २०६४ को नियम१२२(घ) बमोजिम निर्माण व्यवसायि, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले भुक्तानिका लागि पेश गर्ने रनिङ विल वा अन्य कुनै बिल बीजकमा आपुर्ति गरिएको मालसमान वा सेवाको विवरण वा सम्पन्न भएको निर्माण कार्यको नाप, आकार, परिमाण र मूल्य समावेश गर्नुपर्ने उल्लेख छ । सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२५बमोजिम खरीद सम्झौता निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र सम्बन्धित निर्माण व्यवसायिले निर्माण भए बमोजिमको एज बिल्ट नक्सा सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ ।पालिकाको लागत अनुमान (रु.८२०८५९ भ्याट बाहेक)भएको पानीटंकि, सुर्या होटल हुँदै सिउरोनी रोड स्तोरन्न ती कार्यका लागी रक्तकाली निर्माण सेवा सँग मिति 2079।9।1 देखी 207९।10।4 सम्म कार्य सम्पन्नर हुने गरी भएको सम्झौतामा नापी किताब प्रमाण पेश नभई भुक्तानी भएको रु. 914810 को नापजाँच भएको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,१४,८१० |

५० **विपद व्यवस्थापन कोष:**

विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्ने व्यवस्था रहेको छ ।त्यस्तै विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७९ को बुदा नं १३ विपद् बाट भएको क्षति र प्रभावको मुल्यांकन स्थानिय तहबाट सम्बन्धि विषयमा दक्ष जनशक्ति सहितको कार्यदलबाट गर्नुपर्ने व्यवस्था छ ।साथै कार्यदलले विपद् विस्तारको प्रभावको अवस्था प्रभावित र क्षतिको विवरण सहितको प्रतिवेदन सम्बन्धित तहको विपद् व्यवस्थापन समितिमा पेश गर्नुपर्ने र समितिले आवश्यक निर्णय गर्ने व्यवस्था रहेको छ ।पालिकाले ऐन वमोजिमको समिति गठन नगरी पालिका प्रमुखको तोक आदेशमा विपद् बाट भएको क्षतिको कार्यविधि बमोजिमको कार्यदल गठन नगरी स्थानिय विपद् कोषबाट पालिका प्रमुखको तोकादेशवाट राहत वितरण गरेको देखियो । पालिकाले विपद व्यवस्थापन कार्यविधि वेगर घर, गोठको छानो उडाएको गाई, बाख्राको छानामा क्षति पुगेको, आगलागिबाट क्षति भएको, गाडि दुर्घटनामा परी मृत्यू भएको, पशु तथा वाली नष्ट भएको लगायत विषयमा निवेदन पेश भई वडाको सिफारिस तथा पालिका प्रमुखको तोक आदेश आधारमा कूल रु.७,८५,०३७ खर्च लेखेको छ । पालिकाले विपद व्यवस्थापन कोष कार्यविधि तथा स्पष्ट मापदण्ड बनाई सो बमोजिम अनुदान सहयोग गर्ने तर्फ ध्यान दिनु पर्दछ ।यसका केहि उदाहरण निम्नअनुसार रहेका छन् ।

| भौ. नं . र मिति | बजेट खर्च शिर्षक | सहायता रकम | सहयोग पाउने व्यक्तिको नाम |
|---|---|---|---|
| ९४।०७९।६।२७ | विपद व्यवस्थापन कोष | २५००० | कृष्ण बहादुर लामिछाने |
| २००।०७९।८।२६ | विपद व्यवस्थापन कोष | ५०००० | सोमबहादुर तामाङ |
| ३८५।०७९।१०।५ | विपद व्यवस्थापन कोष | १००००० | राधिका पाण्डे |

### ५१ परामर्श खर्चः

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ मा सार्वजनिक निकायले स्वीकृत कार्यक्रम र खरिद योजना अनुसार बीस लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान निर्माण कार्य वा जुनसुकै सेवा ऐनको दफा ४० बमोजिम सिलबन्दी दरभाउपत्र आह्वान गरी खरिद गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले LAND USE PLAN OF BELCOT MUNICIPALITY NUWAKOT कार्यको लागी भिजन डेभलपमेन्ट सोलुसन प्रा.लि भक्तपुर सँग भएको सम्झौता रकम रु. 1583412।50 ( मु .अ. कर सहित), सम्झौता अवधी (2079।11।9 देखी 90 दिन भित्र) भएको र सम्झौता बमोजिम शुरु ड्राफ्ट रिपोर्ट पेश गरेपछि ६०% भुक्तानी दिने र फाइनल रिपोर्ट पेश गरेपछी ४०% भुक्तानी हुने गरी सम्झौता भएकोमा ड्राफ्ट रिपोर्ट पेश नभइकन फाईनल प्रतिवेदन पेश भई सम्झौता वमोजिम ड्राफ्ट रिर्पोट पेश नगरी एकै पटक फाइनल रिपोर्ट पेश गरेकोमा पालिकाले सम्झौताको कार्यान्वयन गरिनु पर्दछ ।

### ५२ नर्म्स विपरीत भुक्तानिः

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को परिच्छेद ७.१.१५सि.नं. ३ अनुसार सबै प्रकारका सिप, विकास,

तालिम, गोष्ठि, सेमिनारमा तालिम केन्द्र बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिमका स्रोत व्यक्ति तथा प्रशिक्षकको पारिश्रमिकमा सहायक स्तरको तालिममा कक्षा सञ्चालन वापत पालिका स्तरमा रु. ७०० र कार्यपत्र वापत रु. ८०० पाउने तथा सम्बन्धित निकायले सञ्चालन गरेको तालिममा सोहि निकायको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिएवापतको पारिश्रमिक नपाउने तर कार्य पत्रको रकम मात्र पाउने उल्लेख छ ।यस पालिकाबाट निम्नअनुसारका विभिन्न तालिम सञ्चालन गर्दा एउटै निकाय भित्रको कर्मचारीले तालिम सञ्चालन कार्यपत्र वापतकोरकम मात्र भुक्तानि गर्नुपर्नेमा नर्म्स विपरीत बढि भुक्तानि गरेको देखिएकोले उक्त बढि रकम असूल उपर गरी दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १६,३२० |

**(विस्तृत विवरण बेरूजु दफा ५२ सँग सम्बन्धित अनुसूची ४मा संलग्न छ ।)**

५३ **कृषि अनुदानः** (२५३-२०७९-९-११):

कृषि विभाग वाट प्रकाशित आलु आत्मनिर्भर कार्यक्रम संचालन कार्यविधि २०६८ दोश्रो संशोधन कार्यविधि २०७२ अनुसार संचालित कार्यक्रममा मेयर उपमेयर सँग कृषक तथा युवा कार्यक्रम सञ्चालनका निम्ति सिड्स पर्मा कल्चर वि.न.पा -१३ नुवाकोट सँग भएको सम्झौता बमोजिम आलुको बिउ लागतमा ५०% न.पा. अनुदान, कृषक तालिममा १००% न.पा. अनुदान र ढुवानी अपलोडमा १००% न.पा. अनुदान हुने उल्लेख छ । सिड्स पर्मा कल्चर संग सम्झौता गरी पालिकाले पेश गरेको विल भर्पाइ अनुसार रु. ६५०००० आलु बिउ वितरण भएकोमा सम्झौता बमोजिम पालिकाले ५०% अनुदान वापत रु. ३२५००० भुक्तानि दिनुपर्नेमा रु. ६५०००० भुक्तानि दिएकाले बढि भुक्तानि भएको रकम असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२५,००० |

५४ **बढि दरमा बैठक भत्ताः**

स्थानीय तहको पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन २०७५ मा स्थानीय तहमा कार्यरत पदाधिकारीहरुले प्रति बैठक रु. १०००।— का दरले बैठक भत्ता प्राप्त गर्ने व्यवस्था रहेको छ ।पालिकामा नगरप्रमुखको अध्यक्षतामा देहायका विभिन्न समितिहरुको बैठक बसि रु. १५००।— का दरले भत्ता बुझेको पाईयो ।यसरी बढि भुक्तानि भएको बैठक भत्ता रकम सम्बन्धितबाट असूल गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४७,६०० |

**(विस्तृत विवरण बेरूजु दफा ५४ सँग सम्बन्धित अनुसूची ५ मा संलग्न छ ।)**

५५ **विल भर्पाइः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा सो खर्च पुष्टि गर्ने विल भर्पाइ प्रमाण कागजातसंलग्न हुनुपर्दछ। पालिकाले विभिन्न कार्यक्रम सञ्चालन गरि भुक्तानि भएकोमा सम्बन्धित विल भर्पाई संलग्न नभएकाले सोको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुलउपर गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,४०,४४० |

**(विस्तृत विवरण बेरूजु दफा ५५ सँग सम्बन्धित अनुसूची ६ मा संलग्न छ ।)**

५६ **बैठक भत्ताः**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को नियम ७.१.१ मा उल्लेखित मापदण्ड अनुसार बैठक भत्ता भुक्तानि गर्न बैठक कार्यालय समय अघि वा पछि हुनूपर्ने तथा एउटै निकाय र अन्तर्गतका पदाधिकारी वा कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान गर्न नमिल्ने व्यवस्था रहेको छ । पालिकाले देहाय बमोजिमका बैठकहरु कार्यालय समयमा बसी बैठक भत्ता बुझेकाले सो रकम असूल उपर गरी राजश्व दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,०२५ |

**(विस्तृत विवरण बेरूजु दफा ५६ सँग सम्बन्धित अनुसूची ७ मा संलग्न छ ।)**

५७ **रीत नपुर्याई खर्चः** (४२७-२०७९-१०-२८):

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च गर्न वा भुक्तानि दिन आवश्यक विल भर्पाइ प्रमाण कागजातसंलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानि दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्दछ ।पालिकाले वडा सचिव सम्झना कँडेल मार्फत् सञ्चालित १ दिने ज्येष्ठ नागरिक तथा महिला स्वास्थ्य तथा सूचना कार्यक्रम सञ्चालनमा रु ६००००० खर्च लेखेकोमा मिति ०७९।९।१ देखि ०७९।९।२ सम्म गाईनो सम्बन्धि शिविरमा डाक्टर टिमको ओसार पोसार आवास पेट्रोल खर्च वापत दिपिका पाण्डेलाई रु. २६००० को भर्पाई पेश भएकोमा डाक्टर टिमको नामनामेसि नखुलेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,००० |

५८ **कर्मचारी प्रोत्साहन भत्ताः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधासम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुनबमोजिम हुने व्यवस्था छ । त्यस्तै स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ६९ को (४) कर्मचारीलाई कार्यसम्पादनमा आधारित प्रोत्साहन भत्ता प्रदान गर्नका लागि सम्बन्धित स्थानीय तहले आफ्नो आन्तरिक आय स्रोतबाट व्यहोर्ने गरी आवश्यक व्यस्था गर्न सक्ने उल्लेख छ । पालिकाले कर्मचारीको लागि स्थानीय प्रोत्साहन सुविधा कार्यविधि,२०७९ परिच्छेद २ मा स्थानीय प्रोत्साहन भत्ता तथा सूचक एंव मापदण्ड पद अनुसार भत्ता प्रदान गर्न सकिने उल्लेख छ । कार्यविधिको परिच्छेद २(२ ) अनुसार अतिरिक्त समय र अतिरक्त काम गरेवापत कर्मचारीले बढिमा १५ अंक सम्म प्राप्त गर्न सक्ने उल्लेख छ । पालिकामा ई-हाजिरी तथा अतिरिक्त समय हाजिरी विवरण नराखेकाले पालिकाका कर्मचारीले अतिरिक्त समय कार्य सम्पादन गरे नगरेको यकिन हुन सकेन । यसरी कार्यविधि बमोजिम कार्य सम्पादन भए नभएको वास्तविक मुल्यांकनको सुचंकाकको आधार वेगर यस आ.व.मा कर्मचारी प्रोत्साहन भत्तावापत रु. ४६००००० खर्च लेखेको छ । कार्यविधि बमोजिमको वास्तविक मूल्यांकन तथा सुचंकाक निर्माण गरी

पालिकाले ई-हाजिरी व्यवस्थापन तर्फ ध्यान दिनुपर्ने र पालिकाको आन्तरिक आयलाई समेत विचार गरी कानुन बमोजिम खर्च लेख्नुपर्दछ ।

**५९ पुजा पाठ अनुदानः**

पालिकाको नगरसभाले पारित गर्ने कार्यक्रममा विभिन्न पुजा समितिहरुको निवेदन तथा मेयर र वडाअध्यक्षहरुको तोकआदेशमा भुक्तानि लिई विभिन्न ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक कार्यक्रमहरु सञ्चालन गरेको छ । कार्यक्रम धार्मिक तथा ऐतिहासिक कार्यक्रमहरु सञ्चालन गर्दा स्पष्ट कार्यविधि बनाई खर्च गरिनुपर्दछ ।

| भौन र मिति | खर्च शिर्षक | खर्च रकम | भुक्तानि प्राप्तकर्ता |
|---|---|---|---|
| ११।०७९।६।५ | डबली कुमारी माई कोट पुजा समिति | ६६००० | कोट पुजा समिति |
| ९९।०७९।६।३० | राष्ट्रिय पर्व लक्षित व्यवस्थापन लक्षित वर्ग कार्यक्रम | ३००००० | निरन्जना भगवती गढि क्षेत्र विकास संरक्षण समिति |
| १००।०७९।६।३० | राष्ट्रिय पर्व लक्षित व्यवस्थापन लक्षित वर्ग कार्यक्रम | ५०००० | नेवार समूदाय लखे जात्रा समिति |
| १२४।०७९।७।१७ | राष्ट्रिय पर्व लक्षित व्यवस्थापन लक्षित वर्ग कार्यक्रम | २००००० | डबली कुमारी माई कोट पुजा समिति |

**६० प्रशिक्षक भत्ता**

अर्थ मन्त्रालयद्धारा प्रकाशित कार्यसञ्चालन निर्देशिका २०७७ को बुँदा नं ७.१.१५ को ४(ख) अन्तर्गतका तालिममा कार्यालयको स्रोतव्यक्ति भएको अवस्थामा कक्षा लिएको पारिश्रमिक लिन नपाउने व्यवस्था रहेको छ । तर, पालिकाका विभिन्न वडाहरुमा आयोजित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सप्ताहमा प्रशिक्षण दिए बापत गो भौ नं ६६८।०८०।३।२४ बाट देहायका कर्मचारीहरुले प्रशिक्षक भत्ता बुझेको पाइयो। यसरी नियमविपरीत प्रशिक्षक भत्ता बुझेका कर्मचारीहरुबाट सो रकम असुल गरी राजस्व दाखिला गर्नुपर्ने रु

| क सं | कर्मचारीको नाम | सेसन संख्या | प्रति सेसन भुक्तानी भएको दर रु | रकम रु ( कर कट्टी पछि ) |
|---|---|---|---|---|
| १ | श्री सूर्य दर्शन पण्डित | ३ | २००० | ५१००। |
| २ | श्री शुक्र कुमार श्रेष्ठ | ३ | २००० | ५१००। |
| ३ | श्री सुजन कुमार डोटेल | ३ | २००० | ५१००। |
| ४ | श्री हरिवंश दाहाल | ३ | २००० | ५१००। |
| ५ | श्री सुनिल न्यौपाने | ४ | २००० | ६८००। |

| जम्मा रु | २७, २००। |
|---|---|

| असुल गर्नुपर्ने | २७,२०० |
|---|---|

## ६१ शीर्षक फरक पारी खर्च

एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या २०७४ (दोश्रो परिमार्जन) बमोजिम जुन शीर्षकमा बजेट विनियोजन भएको हो सोही शीर्षकमा मात्र खर्च गर्न मिल्ने व्यवस्था रहेको छ । तर, पालिकाले देहायको भौचरबाट सशर्त तर्फका कार्यक्रम बजेटबाट तोकिएको शीर्षकमा खर्च गरेको पाइएन । यसरी तोकिएको शीर्षकभन्दा फरक शीर्षकमा खर्च भएको अनियमित देखिएको रु

| गो भौ नं | खर्च हुनुपर्ने शीर्षक | खर्च भएको शीर्षक | रकम रु |
|---|---|---|---|
| ६६७।०८०।३।१४ | संस्थागत क्षमता विकास, परीक्षा सञ्चालन एवम् विद्यार्थी मूल्यांकन | विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान पुस्तकालय व्यवस्थापन | ६१८, ३०५ |
| ६००।०८०।३।२० | स्थानीय तहको पार्श्वचित्रमा वैदेशिक रोजगार सम्बन्धी तथ्यांक संकलन गरी समावेश गर्ने | प्रधानमन्त्री रोजगार कार्यक्रमको ज्याला भुक्तानी | ३३१, ५०० |
| जम्मा रु | | | ९४९, ८०५ |

| अनियमित भएको | ९,४९,८०५ |
|---|---|

## ६२ शोधभर्ना लिन बाँकिः

मृगौलाको डायिलाईसिस, क्यान्सर जस्ता रोगबाट पिडित बिरामीहरुलाई औषधि उपचार खर्च उपलब्ध गराउने सम्बन्धि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तयार गरेको कार्यविधि, २०७८ बमोजिम पालिकाले बिरामीहरुको औषधि उपचार खर्च बापत मासिक रु.५,००० दिने र पछी सो रकम संघिय सशर्त अनुदानबाट शोधभर्ना लिनुपर्ने व्यवस्था उल्लेख छ । पालिकाले न.पा. चालु. गो.भौ. नं.९४५ बाट रु. १९,३५,००० र भौचर नं. ९४६/२०८०/०३/२३ बाट रु. ४,४०,००० गरि जम्मा रु. २३,७५,००० आन्तरिक श्रोतबाट खर्च लेखेको छ । सम्बन्धित लाभाग्राहिको नाममा भुक्तानी गरेको रकम को बैंक दाखिला भरपाई सहित संघिय सशर्त अनुदानबाट शोधभर्ना लिनुपर्ने रकम रु.

| सोधभर्ना नलिएको | २३,७५,००० |
|---|---|

## ६३ आय कर दाखिलाः

आयकर ऐन २०५८ को दफा ८७, ८८ र ८९ अनुरुप अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । पालिकाबाट आ.व.२०७९/०८० मा नियमित तलब भत्ता लिएका निम्नलिखित कर्मचारीहरुबाट बार्षिक आम्दानीमा नियमानुसारले हुने

करमा कम कर कट्टी गरेकोले सम्वन्धितवाट असुल गर्नुपर्ने रु.

| | | | | | |
|---|---|---|---|---|---|
| १ | हरि प्र. गजुरेल | रोजगार संयोजक | ५७७९५७ | ७७९५७ | ७७९६ |
| २ | दिनेश जमरकटेल | कृ.वि.अधिकृत | ५०३८७० | ३२२७७ | ३२२८ |
| ३ | भोजराज ढुंगेल | हे.अ. | ५६१४४० | ६१४४ | ६१४४ |
| ४ | गीता ढकाल | सी.अ.न.मि. | ५१९६१२ | १९६१२ | १९६२ |
| ५ | सुमित्रा देवी पनेरु | सी.अ.न.मि. छैठौं | ५३९०४३ | ३९०४३ | ३९०५ |
| | | जम्मा | | | २३०३५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २३,०३५ |

## ६४ एम आइ एस अपरेटर र फिल्ड सहायकको तलब

गृह मन्त्रालयको मिति २०७९।०४।१९ को च नं १४८ र पञ्जीकरण विभागको मिति २०७९।४।१३ को परिपत्र बमोजिम एम आइ एस अपरेटर र फिल्ड सहायकको तलब भुक्तानी गर्दा सम्बन्धित स्थानीय तहले ५० प्रतिशत रकम व्यहोर्नुपर्ने उल्लेख रहेको छ । तर, पालिकाले यस आर्थिक वर्षमा तोकिएका कर्मचारीहरुको ४ महिनाको तलब संघीय सञ्चित कोषबाट रु ४११,८४८।— भुक्तानी दिएको छ । सो रकमको ५० प्रतिशत रु२०५,९२४।- पालिकाले व्यहोरेको पाईएन । यसरी पालिकाले नव्यहोरेको ५० प्रतिशतले हुन आउने रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,०५,९२४ |

## ६५ आर्थिक सहायताः

पालिकाको आर्थिक सहायता, औषधि उपचार खर्च र पुरस्कार व्यवस्थापन सम्बन्धि कार्यविधि २०७५ को बुंदा नं.५ बमोजिम क्यान्सर, मृगौला रोग, मुटुरोग र अन्य घातक रोग लागेका विरामिलाई वडा कार्यालयको सिफारिशको आधारमा औषधि उपचारको विल भर्पाई हेरी रु.५००० देखि रु.५०००० सम्म औषधि उपचार खर्च उपलब्ध गराउन सकिने र बुंदा नं.६ बमोजिम पालिकाको सेवा प्रवाहमा प्रभावकारीता ल्याउन विभिन्न समिति र समुहलाई (नपा कार्यालय र वडा कार्यालयहरु कृषि, शिक्षा, पशु सेवा आदि) मुल्यांकनका आधारमा प्रोत्साहन स्वरुप पुरस्कारको रुपमा रु ३००० देखि १५००० सम्म पुरस्कार उपलब्ध गराउन सकिने उल्लेख छ । विभिन्न भौचर र मितिमा घर, गोठको छानो उडाएको , भिरबाट लडेर घाइते भएको, आगलागिबाट क्षति भएको, गाडि दुर्घटनामा परी मृत्यू भएको, करेन्ट लागेर घाइते भएको तथा विभिन्न क्लब तथा संघको आर्थिक सहायता लगायत विषयमा निवेदन पेश भई वडाको सिफारिस तथा पालिका प्रमुखको तोक आदेशका आधारमा देहायबमोजिमका भुक्तानि गरेको देखियो । पालिकाले आफूले निर्माण गरेको कार्यविधि बमोजिम आर्थिक सहायता अनुदान सहयोग गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

| भौ. नं . र मिति | सहायता रकम | सहायता प्राप्त गर्ने व्यक्ति | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १३१।०७९।७।२१ | १८१६० | सुजन दमाई | भिरबाट लडेर घाइते भएको |
| २०२।०७९।८।२६ | १०५५० | सन्तोष तामाङ | दुर्घटना भई घाईते भएको |
| ३५०।०७९।७।२६ | ४०००० | लक्ष्मण भण्डारी | आर्थिक अवस्था कमजोर भएको |
| २३९।०७९।९।६ | ५०००० | सर्मिला परियार | करेन्ट लागेर घाइते भएको |
| २२१।०७९।९।३ | २०००० | रोशन तामाङ | दुवै हात भाचेको |
| ९५।०७९।६।२७ | ७५००० | लियो क्लब अफ नुवाकोट | कला संस्कृति जगेर्ना कार्यक्रम |
| ९६।०७९।६।२७ | २५००० | नुवाकोट बहिरा संघ | विभिन्न बहिरा कार्यक्रम गर्न |
| ४४४।०७९।१०।२४ | ५९००० | पृथ्वी स्मारक समिति | पृथ्वी समारोह आयोजना |
| ४४९।०७९।१०।२४ | ३५००० | दृष्टि आई केयर सेन्टर प्रा. ली .. | आँखा कार्यक्रम |

६६ **काम सम्पन्न पश्चात बिमा भएको**

(गो भौ नं ५४४।३।२३) आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई , प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नुपर्ने ब्यवस्था छ । पालिकाले सुकुमान हस्पिटल हुदै मयलवोट सडक योजनाको लागी धनेश्वर कन्स्ट्रकसन सप्लायर्सलाई जम्मा रु १६८९२५६ भुक्तानी गर्दा सो कामको मिति २०८०।३।१ मा कार्यसम्पन्न भएकोमा मिति २०८०।३।१५ देखि लागु हुने गरी मिति २०८०।३।१५ मा विमा गरेको पाईयो । यसरी योजनाको लागत अनुमान तथा सम्झौतामा विमाको व्यवस्था गरी भुक्तानी गर्दा कामको सुरुमा विमा नभएको तर कार्यसम्पन्न पश्चात् विमा सुरु भएको कागजात संलग्न गरी भुक्तानी दिएको आधारमा भुक्तानी दिन नमिल्ने देखिएकोले सो भुक्तानी रकम रु १५७९२ सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,७९२ |

६७ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक निर्माणका योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा ०.५ देखि ४० प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गराएको पाइयो । पालिकाको स्वीकृत नर्मशका आधारमा तयार भएको लागत अनुमान भन्दा धैरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा

सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्याङ्कन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| क.स | योजनाको नाम | बोलपत्र दाता | ल.ई. | सम्झौता | घटी ( प्रतिसत) |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Sadhi khola Bhattagaun baghkhor road FY 79-80 phase I | ABC-DN Joint Venture | १९९९६३२३ | ११६००१०९ | ४१ |
| 2 | Upgrading of Kolpukhola Swasthya chauki gadhiko thumka ward office road FY 79- 80 phase I | S.N. CONSTRUCTION SEWA | १९९९९४८९ | ११८८७१५४ | ३७ |
| 3 | Upgrading of Chhabise nandutaar duipipal road FY 79-80 phase I | Tarakeshwor Construction Pvt.Ltd | १९९७३२३७ | ११७१४७९६ | ४० |
| 4 | Upgrading of Dhadegaun Ghalegaun gegrini bhyanjyang bhrikuti kalighumti road FY 79-80 phase I | Bardevi-Prasiddhi JV | ४१२२७६६२ | ४०३०५७१५ | १ |
| 5 | Construction of Belkotgadhi ward 1 office building | Pallavi Multipurpose | ५७१६९६८ | ३६२०१०५ | ३६ |
| | | Company Pvt. Ltd | | | |
| 6 | Bayar Ghari sukuman krishak Vorle khola jaljale khola sadak gravel ra dovan sadak | Sworgadwari Construction | ८१९९१२२ | ४७७४५४६ | ४१ |
| | | & Drilling Co. Pvt. Ltd | | | |
| 7 | Badare Khanepani Yojana ward no.-4 | Sworgadwari Construction & Drilling Co. Pvt. Ltd | ४९९९६२४ | ३८७९००८ | २० |
| 8 | Baluwakhani Khanepani Yojana ( Pumping ) ward no.-8 | D,C.Construction/D.C.Suppliers | ९९९८७५६ | ७७१८७४८ | २१ |
| 9 | kamigaun Parbatichaur | Shuvam Construction | ६९६९९८९ | ४६०८८८९ | ३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| | Khanepani yojana ward no. - 8 | | | | |
| 10 | Sukuman Hospital hudai mayalbot sadak sudhar ward no.-4 | Dhaneshwor Construction suppliers P.Ltd | २४९९५६४ | १८५२४९२ | २५ |

६८ **सिमा नघाइ टुक्रे खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा प्रतिस्पर्धा सिमित हुनेगरी खरिद कार्य गर्न नहुने तथा नियम ८५ (१ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी एउटै व्यक्ति फर्म कम्पनी वा संस्थाबाट रु १० लाख भन्दा बढी रकमको सोझै खरिद गर्न नसकिने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७०(१) मा सार्वजनिक निकायले बीस लाख रुपैया भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० वमोजिमको सुचना प्रकाशन गरी आशयपत्र माग गर्नुपर्ने उल्लेख छ । त्यस्तै नियम ३१ मा बीस लाख रुपैंया भन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्दा खुला बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष निम्नानुसारको खरिदमा नियमावलिमा भएको व्यवस्थाको पालना नगरी खरिद सीमा नघाई सोझै खरिद गरेको छ । यस्तो खरिद कार्य गर्दा ऐन तथा नियमावलीमा भएको ब्यबस्था बमोजिम प्रतिस्पर्धात्मक विधि अवलम्बन नगरेको हुँदा उक्त खरिद कार्य नियमसम्मत नदेखीएको रु

| | |
|---|---|
| अनियमित भएको | १,३९,८२,६५२ |

**(विस्तृत विवरण बेरूजु दफा ६८ सँग सम्बन्धित अनुसूची ८ मा संलग्न छ ।)**

६९ **बिमा नगरेको**

गो भौ नं ५४५।३।२३ सार्बजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार खरिद संझौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक २० लाख रुपैंया भन्दा बढी मूल्यको निर्माण व्यवासायीले निर्माण कार्यमा प्रयोग हुने मेशिन औजार प्लान्ट लगायतको क्षती र मानवीय दुर्घटना क्षतिपूर्ति समेतको विमा गराउनु पर्ने व्यवस्था छ ।पालिकाले देव निर्माण सेवा शिव शक्ति कन्स्ट्रक्सन जे भि मार्फत् चाउथेखोला देखि वडारे हुँदै कोल्पुटारसम्मको सडक सुधार वापत दोश्रो तथा अन्तिम विल रु २०७३५४८ समेत हालसम्म जम्मा रु २६९७००७.७१ भुक्तानी भएको छ । जेनेरल आईटम नं १.१ मा विमा सम्वन्धमा रु ५०००० प्रोभिजन गरेकोमा कार्यसम्पन्न प्रतिवेदन पेश गर्दासम्म विमा गरेको पाईएन । यसरी निर्माण व्यवसायिवाट गराएको काममा विमा नगराई निर्माण कार्यको भुक्तानी भएको अनियमित देखिएको छ ।

७० **जटिल संरचना निर्माण**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको

आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| १४।११।२५ | जलेश्वर झोलुङ्गगा पुल निर्माण उपभोक्ता समिति | झोलुङ्गगे पुल निर्माण | १३६१७७९ |
| ४१।३।२३ सशर्त पूँजिगत | वेतिनिखोला पाखुरे झो पु निर्माण उपभोक्ता समिति | झोलुङ्गगे पुल निर्माण | १६००००० |
| ५५३।३।२३ न पा पूँजिगत | | | ९४३५५३ |
| | जम्मा | | |

नियमावलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

७१ **प्रोग्राम अपडेट**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ को नियम ६ ख मा निर्माण व्यवसायीले खरिद सम्झौताको शर्त वमोजिम कार्यसम्पन्न नगरेमा भुक्तानी नदिने उल्लेख छ । ठेक्का सम्झौताको General condition of contract अन्तर्गत Scc को Gcc 34.1-34.3 मा निर्माण व्यवसायिले कामको तोकिएको दिनमा Program Update पेश गर्नुपर्ने अन्यथा प्रोग्राम अपडेट वापतको रकम कट्टा गर्ने व्यवस्था छ । पालिकाले देहायका ठेक्कामा निर्माण व्यवसायिसँग भएको ठेक्काको प्रोग्राम अपडेट पेश नभएकोले सम्वन्धित निर्माण व्यवसायिवाट असुल हुनुपर्ने रु

| क्र.स | योजनाको नाम | बोलपत्र दाता | Programme Update Amount | सम्झौता रकम | दिन |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Sadhi khola Bhattagaun baghkhor road FY 79-80 phase I | ABC-DN Joint Venture | ५०००० | ११६००१०९ | ६० |
| 2 | Upgrading of Kolpukhola Swasthya chauki gadhiko thumka ward office road FY 79- 80 phase I | S.N. CONSTRUCTION SEWA | ५०००० | ११८८७१५४ | ६० |
| 3 | Upgrading of Chhabise nandutaar duipipal road FY 79-80 phase I | Tarakeshwor Construction Pvt.Ltd | ५०००० | ११७१४७९६ | ६० |

| | | | | | |
|---|---|---|---|---|---|
| 4 | Upgrading of Dhadegaun Ghalegaun gegrini bhyanjyang bhrikuti kalighumti FY 79-80 phase I | Bardevi-Prasiddhi JV | ५०००० | ४०३०५७१५ | ६० |
| 5 | Construction of Belkotgadhi ward 1 office building | Pallavi Multipurpose Company Pvt. Ltd | ५०००० | ३६२०१०५ | ६० |
| 6 | Bayar Ghari sukuman krishak baniya gaun sukuman samudayek clinic sammako sada | Sworgadwari Construction & Drilling Co. Pvt. Ltd | ५०००० | ४७७४५४६ | ६० |
| 7 | Badare Khanepani Yojana ward no.-4 | Sworgadwari Construction & Drilling Co. Pvt. Ltd | १५०००० | ३८७९००८ | ३० |
| 8 | Baluwakhani Khanepani Yojana ( Pumping ) ward no.-8 | D,C.Construction/D.C.Suppliers | १५०००० | ७७१८७४८ | ३० |
| 9 | kamigaun Parbatichaur Khanepani yojana ward no. - 8 | Shuvam Construction | १५०००० | ४६०८८८९ | ३० |
| 10 | Sukuman Hospital hudai mayalbot sadak sudhar ward no.-4 | Dhaneshwor Construction suppliers P.Ltd | १५०००० | १८५२४९२ | ३० |
| | | total | ९००००० | | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९,००,००० |

## ७२ डि पि आर खर्च

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ ।

| क.स | कार्य विवरण | परामर्सदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययन बाट निर्धारित आयोजनाको लागत |
|---|---|---|---|---|---|
| 1 | badare khanepani yojana | Dedicated Engineering consultancy and construction | ४९४९४० | ४९४९४० | १९९१७५०४ |
| 2 | Deupipal Dabali Kha.pa | Work Desk Pvt.Ltd | ३७१२०५ | ३७१२०५ | ६२५६६५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| 3 | Kamigaun Prabati kha.pa | Diyalo Engineering Consultancy Pvt.Ltd | ४९४५०५ | ४९४५०५ | १६७२१७६० |
| 4 | Niranjana Mandir Park | Usigvi Engineering Solution Pvt. | ४७४६०० | ४७४६०० | २८७९८६३२ |
| 5 | Bhandari Thumka sukuman hospital hudai bayar ghari sadak | Eversafe Engineering consultancy Pvt.Ltd | १४८३१२५ | १४८३१२५ | ८६७१३६८४५ |
| | Sukuman Hospital Mill danda Mayolbot sadak | | | | ३०८३३९८३८ |
| | Niranjana maidantole miraj tole koiralatar keurini sadak | | | | २८३९६२८०७ |
| 6 | ward no.9 adahrbhut swasthya sewa kendra | Paradise home Engineering Consultancy Pvt.Ltd | ४९३००० | ४९३००० | २५६५०३०० |
| 7 | Ward no.13 ghuma nirman | - | ६९८००० | ६९८००० | १८६६४५००० |
| 8 | Ward no. 7 khelkud maidan nirman | | ४९४९४० | ४९४९४० | २७००२२००० |
| 9 | sahid smriti park | GS Engineering Solution | ४८९२९० | ४८९२९० | १९४९१३८९ |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ क मा परामरर्श सेवा खरिद गर्दा सम्वन्धित सार्वजनिक निकायमा उपलव्ध जनशक्तिवाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । यस्ता डिपिआर पालिकाकै जनशक्तिवाट गराउनेतर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले कुन कुन योजना कार्यान्वयनमा लैजान सकिन्छ सो को पर्याप्त विश्लेषण गरि त्यस्ता योजनाहरु मात्र छनोट गरिनुपर्दछ ।

## ७३ ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## ७४ हेभी इक्विपमेन्टको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांश मा लागत अनुमान तयार गर्दा को समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । केहि उदाहरण निम्न छन् ।

| गो भौ नं मिति | उपभोक्ता समितिको नाम | ठेकेदार कम्पनी | मेसिन | भुक्तानी |
|---|---|---|---|---|
| 18-7/17 | दशै तिहार वाटो सफाइ समिति | केदारवावु कन्स्ट्रक्सन | ७५६८०० | ६७२००० |
| 19-7/18 | वडा नं ११ ग्रामिण सडक मर्मत | आर कम्पनी प्रतिक कन्स्ट्रक्सन | ७५२९२७ | ६७२००० |
| 20-7/18 | १० नं वडा दशैतिहार वाटो मर्मत | जलकन्या निर्माण एक्प्रेस | ७५७४८५ | ६६९००० |
| 32-8/14 | वडा नं ४ मोटरवाटो सफाइ उपभोक्ता समिति | डि आर कन्स्ट्रक्सन | १०६२५९६ | ९६०००० |
| 56-9/5 | वडा नं २ मोटरवाटो सफाइ उपभोक्ता समिति | रक्तकन्या निर्माण सेवा प्रालि | ७४२०६४ | ६७२००० |
| 155-11/2 | पाखुरे हुँदै राम्चे मोटरवाटो १३ नं वडा | आर ककनी कन्स्ट्रक्सन | ८०१७८५ | ७४१६०० |
| 496-3/11 | कालापानी वाग्लेथोक स्तरोन्नती | महिमा निर्माण सेवा | ६८१७३२ | ८६४००० |
| 518-3/13 | लाहुरे टोल सेरा मोटरवाटो वडा नं १ उपभोक्ता समिति | छाव्दी वाराही नि से | ६३०५४० | ५०२००० |

## ७५ मु अ कर दाखिला

पालिकाले यस आ.व. २०७९/०८० मा दहत्तर बहत्तर शुल्क बापत रु. ४,९६,२७,१८२/- आम्दानि गरेको छ।मु अ कर बापत पालिकाले नेपाल सरकारलाई फिर्ता दाखिला गर्नुपर्ने रु. ५७,०९,३२२/- मध्ये

गो.भौ.नं.११८/२०८०/०२/११ वाट रु. ४५,७३,४७५/- दाखिला गरेको छ । बाँकी फिर्ता दाखिला गर्नुपर्ने मु अ कर रकम रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,३५,८४७ |

७६ **विपद व्यवस्थापन कोष**

विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७ मा प्रत्येक स्थानीय तहले गाउँपालिकाको अध्यक्ष वा नगरपालिकाको प्रमुखको अध्यक्षतामा बढीमा पन्ध्र जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नु पर्ने व्यवस्था रहेको छ ।त्यस्तै विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि २०७९ को बुदा नं १३ विपद् बाट भएको क्षति र प्रभावको मुल्यांकन स्थानिय तहबाट सम्बन्धि विषयमा दक्ष जनशक्ति सहितको कार्यदलबाट गर्नुपर्ने व्यवस्था छ ।साथै कार्यदलले विपद् विस्तारको प्रभावको अवस्था प्रभावित र क्षतिको विवरण सहितको प्रतिवेदन सम्बन्धित तहको विपद् व्यवस्थापन समितिमा पेश गर्नुपर्ने र समितिले आवश्यक निर्णय गर्ने व्यवस्था रहेको छ ।पालिकाले ऐन वमोजिमको समिति गठन नगरी पालिका प्रमुखको तोक आदेशमा विपद् बाट भएको क्षतिको कार्यविधि बमोजिमको कार्यदल गठन नगरी स्थानिय विपद् कोषबाट पालिका प्रमुखको तोकादेशवाट राहत वितरण गरेको देखियो । पालिकाले विपद व्यवस्थापन कार्यविधि वेगर घर, गोठको छानो उडाएको गाई, बाख्राको छानामा क्षति पुगेको, आगलागिबाट क्षति भएको, गाडि दुर्घटनामा परी मृत्यू भएको, पशु तथा वाली नष्ट भएको लगायत विषयमा निवेदन पेश भई वडाको सिफारिस तथा पालिका प्रमुखको तोक आदेश आधारमा कूल रु.७,८५,०३७ खर्च लेखेको छ । पालिकाले विपद व्यवस्थापन कोष कार्यविधि तथा स्पष्ट मापदण्ड बनाई सो बमोजिम अनुदान सहयोग गर्ने तर्फ ध्यान दिनु पर्दछ ।यसका केहि उदाहरण निम्नअनुसार रहेका छन् ।

| भौ.नं. र मिति | बजेट खर्च शिर्षक | सहायता रकम | सहयोग पाउने व्यक्तिको नाम |
|---|---|---|---|
| ९४।०७९।६।२७ | विपद व्यवस्थापन कोष | २५००० | कृष्ण बहादुर लामिछाने |
| २००।०७९।८।२६ | विपद व्यवस्थापन कोष | ५०००० | सोमबहादुर तामाङ |
| ३८५।०७९।१०।५ | विपद व्यवस्थापन कोष | १००००० | राधिका पाण्डे |

७७ **पुर्व निर्धारित क्षतिपुर्ति**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम १२१ (क) मा आपुर्तिकर्ता परामर्श दाता सेवा प्रदायक वा निर्माण व्यवसायीको ढिलाईका कारणले खरीद सम्झौता वमोजिमको काम सो सम्झौता मा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पुर्वनिर्धारित क्षतिपुर्ति दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न झलुङ्गे पुलका स्टील पार्ट खरीदका लागि मिति २०७९।५।३० भित्रमा कार्य सम्पन्न गर्ने गरी मिति २०७९।१।२६ मा लुम्विनि इन्जिनियरिङ्ग वर्कसप प्रा लि संग सम्झौता भएकोमा निजले पालिकाको नाममा मिति २०८०।८।१ मा सामान चलानी गरेको देखिएकोले सम्झौता भन्दा ६० दिन ढिला सामान चलान गरेको देखिएकोले सम्झौताको जि. सि. सि . २६.१ तोकिएको समयमा कार्य सम्पन्न नभएमा क्षतिपुर्ति असुल गर्नुपर्ने लेखिकोले सम्झौता रकम ४४२६३५४।४३ को प्रतिदिन ०.०५ प्रतिशतले ६० दिनको रु ११७५१३। असुल

गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१७,५१३ |

७८ **ट्याक कोट**

सडक विभागवाट स्वीकृत भएको सडक निर्माणको स्पेसिफिकेसन, २०७३ संशोधन समेत को SECTION 1300 – BITUMINOUS SURFACE AND BASE COURSE को पृष्ठ २१५ मा ट्याक कोट प्रति वर्ग मिटर औसत ०.४ देखि ०.६ लिटरसम्म हुने उल्लेख छ। पालिकाले ढाडे गाउँ गेग्रनी भन्ज्याङ्ग भृकुटी कालि धुम्ती सडक कालोपत्रे कार्यका लागि वरदेवी प्रसिद्धि जे भी संग २०८०।२।३२ मा कार्य सम्पन्न गर्नेगरी मिति २०७९।१०।२५ मा रु ४०३०५७१५।२३ को सम्झौता भई रु २००००००० ।भुक्तानी भएकोमा वि ओ क्यु मा ट्र्याक कोट दर .६ राख्नुपर्नेमा .६५ राखेकोले .०५ वढी दर राखी कुल काम भएको क्षेत्रफल ८६९८।९ मा प्रति वर्ग मिटर .६५ ले हुने ५६५२।३३ लिटर भुक्तानी भएकोमा तर नम्स अनुसार ८६९५.९को .६ का दरले हुने ५१९५।९४ लिटर हुनुपर्नेमा ४५६।३९ वढी लिटर विटुमिन देखिएकोले वि ओ क्यु अनुसार १५० का दरले ट्याक कोट स्पेसिफिकेसनमा उल्लेख गरेको परिमाण भन्दा बढी हुने गरी भुक्तानी भएकोले वढी भुक्तानी भएको रु ६८४५८।५० मा मु अ कर समेत रु ७७३५८। असुल गर्नुपर्ने

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७७,३५८ |

७९ **एम्वुलेन्स खरीद**

७९.१ पालिका अन्तर्गत स्वास्थ्थ संस्थामा स्वास्थ्थ चौकीहरुको लागि ३ वटा एम्वुलेन्स भन्सार छुटमा खरीद का लागि बजेट विनियोजन गरी खरीद कार्य अगाडी वढाएकोमा निम्नानुसार देखिएको छ

(क) सार्वजनिक खरीद नियमावली २०६४ को नियम ३१ ख मा सार्वजनिक निकायले सवारी साधन औजार मेशिनरी जस्ता मालसमान उत्पादक वा अधिकृत विक्रेता द्धारा निर्धारित दरमा( क्याटलग सपिङ्ग) विधि वाट खरीद कार्य अगाडी वढाइ एक मात्र अधिकृत विक्रेता अग्नी इन्कर्पेरेटेड प्रा लि संग मिति २०८०।१।२० मा सम्झौताभई सम्झौताको सि. न. २ मा सम्झौता भएको मितिले ७ दिन भित्र रकम भुक्तानी हुनु पर्ने सो को आधारमा पालिकाले मिति २०८०।१।२६ मा सम्झौतामा उल्लेखित रकम ५९९८५०० ।वैक जमानतको आधारमा रकम भुक्तानी दिएको मा सामान उपलव्ध गराउने सम्झौता मितिले १३० दिन भित्रमा उपलव्ध गराउने भनिएकोमा आर्थिक वर्पको अन्त्य सम्म पनि सामान दाखिला भएको प्रमाण पेश नभएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५९,९८,५०० |

७९.२ (ख) आयकर ऐन २०५८ को दफा ८८ मा ५० हजार भन्दा माथिको भुक्तानीमा १.५ प्रतिशतका दरले अग्रीम आयकर कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले अग्नि ईन्कर्पोरेटेड प्रा लि लाई एम्वुलेन्स खरिदको भुक्तानी दिँदा अग्रिम आयकर कट्टा नगरी भुक्तानी दिएको रु ८९९७७।०० असुल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८९,९७७ |

## ८० थापा डेउडी तिवारीटोल सडक स्तरोउन्नति कार्य

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ ( १ )यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि निर्माण कार्य वा सो सम्बन्धी सेवा सोही स्थानमा रहेको उपभोक्ता समिति संग गराउन सकिने व्यवस्था रहेको छ ।पालिकाले थापा डेउडी तिवारीटोल सडक स्तरोउन्नति कार्यका लागि नगर सभावाट विनियोजित रकम रु २५०००००।सो समिति संग मिति २०७९।११।२९ मा कार्य सम्पन्न गर्नेगरी मिति २०७९।९।७ मा सम्झौता भइ उपभोक्ता समितिलाई सोही नियमको ( ५ ) वमोजिम सम्झौता रकमको एक तिहाई रकम पेस्कीको रुपमा दिन सकिने व्यवस्था वमोजिम निज उपभोक्ता समितिलाई रु मिति २०७९।१०।५ मा रु ७०००००। पेस्की दिएकोमा निजको कार्य सम्पन्न के कति काम भएको छ । सो को विवरण पेश हुन सकेन । निजलाई दिएको समय सम्म काम हुन सकेको पनि छैन भने उपभोक्ता समितिले सोही आर्थिक वर्षमा कार्य सम्पन्न गर्नुपर्नेमा सो कार्य हुन सकेको छैन भने उपभोक्ता समितिलाई दिएको पेश्की फछ्र्यौट हुन सकेको छैन । पेश्की फछर्यौट गर्न तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ । पेश्कि नजनाएको रकम पेश्कि बाँकि जनाई फछ्र्यौट् गर्नुपर्ने रु

| | |
|---|---|
| पेश्की | ७,००,००० |

## ८१ अधुरा आयोजना

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले खानेपानी योजना (पम्पिङ ) वडा न . ८ का लागि डि सि कन्ट्रक्सन संग मिति २०८०।३।१० मा कार्य सम्पन्न गर्ने गरी मिति २०८०।१।१७ मा रु ७७१८७४८।२५ सम्झौता भई निजलाई रु ५४४०९९२। भुक्तानी दिएकोमा कार्य प्रगति ७०.४९ भएको कार्यालयले कार्य स्वीकार प्रतिवेदन स्वीकार गरेको तर म्याद थप पनि नभएको अवस्थामा कार्य सम्पन्न हुन सकेको छैन । कार्यसम्पन्न हुने गरी नै सम्झौता गर्नुपर्ने देखिन्छ ।

## ८२ प्रदेश सरकार वाट हस्तान्तरित कार्यक्रम

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ ( ९ ) उपभोक्ता समिति बाट सञ्चालन हुने निर्माण कार्यमा लोडर एक्साभेटर रोलर डोजर जस्ता हेभी मेशिन प्रयोग गर्न सकिने छैन तर लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने प्रकृतिको कार्य भनि उल्लेख गरेको रहेछ भने त्यस्तो मेशिन प्रयोग गर्न का लागि सार्वजनिक निकायवाट सहमति लिनु पर्ने व्यवस्था भएकोमा सहमति नलिई पालिकाले सिमलटी –भट्टवारी थालेखर्क सडक निर्माण उपभोक्ता समिति संग मिति २०७९।११।१९ मा कार्य सम्पन्न गर्ने गरी कार्यलयवाट रु २४०००००। व्यहोर्ने गरी सम्झौताभएको मा कार्यलयले सो कामका लागि नम्स तयार गर्दा नै सो कामको लागि हाइड्रोलिक एक्साभेटर प्रयोग गर्ने लागत अनुमान वनाइ उपभोक्ता समितिले सत्येश्वर कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि को एक्साभेटर भाडामा लिइ कार्य गरेको देखिन्छ भने कुल कामको ९० प्रतिशत भन्दा वढी मेशिन वाट काम भएकोमा मेशिन प्रयोग गर्नका लागि स्वीकृति पनि नलिएको र श्रम मुलक काममा वढी उपभोक्ता समितिलाई लगाउनु पर्नेमा मेशिन वाट काम गराएको उक्त उपभोक्ता समितिलाई एक्साभेटर चलाउने स्कृति नलिइ रु २३८००००। भुक्तानी दिएको नियमित नदेखिएको रु

| | |
|---|---|
| अनियमित भएको | २३,८०,००० |

८३ **वर्थीङ्ग सेन्टर**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०० मा चालु आ व मा खरीद गरेको तथा हस्तान्तरण भई आएको मालसमान को परिमाण समेत खुलाई श्रेस्ता राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्न वर्थीङ्ग सेन्टरका लागि आवश्यक मालसमान खरीद गरी हेल्पिङ्ग मल्टिपल पर्पोज प्रा लि वाट सामान सोझै खरीद गरी रु ६४१२३६। भुक्तानी भएकोले उक्त सामान सम्वन्धीत वर्थीङ्ग सेन्टरमा पठाएको प्रमाण पेश हुन पर्न देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४१,२३६ |

८४ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.९९२१४० खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्टवेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ ।

| सफ्टवेयरको नाम | प्रयोजन | रकम (भ्याट सहित) रु. |
|---|---|---|
| सिफारिस व्यवस्थापन प्रणाली | राजस्व संकलन | ४९४९४० |
| एकीकृत कर संकलन | राजस्व संकलन | ४९७२०० |

८५ **गत वर्षको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली 2077 को नियम 39 (2) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने उल्लेख छ । त्यस्तै सोही नियमावलीको नियम 39(13) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको 7 दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । पालिकाले अघिल्लो वर्षको भुक्तानी गर्नुपर्ने रकमको भुक्तानी वाँकीको विस्तृत विवरण तथा फाँटवारी तयार गरी भुक्तानी विवरण नियमानुसार प्रमाणित गराएर मात्र अघिल्लो वर्षको दायित्वको भुक्तानी दिनुपर्नेमा पालिकाले न पा पूजिगत शिर्षकमा निम्नानुसारमा गत वर्षको भुक्तानी वाकी विवरण विना भुक्तानी भएको नियमसम्मत नदेखिएको रु

| गो भौ नं | संस्था | रकम | कैफियत |
|---|---|---|---|
| ५४९।२।२३ | जनसेवा आ वि | १४४००० | नखुलेको |
| ३१५।१२।२९ | आरुखर्क मा वि | ९६००० | नखुलेको |
| ३१।०७९।६।७ | पुरुषोत्तम न्यौपाने | ११९६८३ | गत आ. व . ०७९ वैशाख देखि अषाढ सम्मको ९००० का दरले घरभाडा |
| ७३१।०८०।२।९ | सत्वेश्वर कन्स्ट्रक्सन प्रा. लि | ९२६८३ | ०७७।०७८ विमा तथा नविकरण खर्च |
| जम्मा | | ४५२३६६ | |

| | |
|---|---|
| अनियमित भएको | ४,५२,३६६ |

## ८६ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको १० गरी कुल १५ विवाद दर्ता भएकोमा ७ वटा मात्र फस्यौंट भई ८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

## ८७ प्राविधिक बिल र कार्य सम्पन्न

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

## ८८ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही

औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले विविध खर्च शिर्षकबाट यस वर्ष कूल रु २८६२७७३/- खर्च गरेको छ । जसमध्ये खाना, खाजा तथा विविधमा रू. १२४००६५/- खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

## ८९ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ३८ वटा नियमावली/ कार्यविधि लगायत ४९ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन। तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

## ९० जिन्सी व्यवस्थापन

९०.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ ।तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

९०.२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सबै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा सो गरेको पाइएन । कार्यालयले सामान खरिद गर्दा हालसम्म Manual दाखिला गरेको छ ।अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ।
• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।
• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी

जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

९१ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

९२ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

९३ **कृषि अनुदान** (२५३-२०७९-९-११):

कृषि विभाग वाट प्रकाशित आलु आत्मनिर्भर कार्यक्रम संचालन कार्यविधि २०६८ दोश्रो संशोधन कार्यविधि २०७२ अनुसार संचालित कार्यक्रममा मेयर उपमेयर सँग कृषक तथा युवा कार्यक्रम सञ्चालनका निम्ति सिड्स पर्मा कल्चर वि.न.पा -१३ नुवाकोट सँग भएको सम्झौता बमोजिम आलुको बिउ लागतमा ५०% न.पा. अनुदान, कृषक तालिममा १००% न.पा. अनुदान र ढुवानी अपलोडमा १००% न.पा. अनुदान हुने उल्लेख छ । सिड्स पर्मा कल्चर संग सम्झौता गरी पालिकाले पेश गरेको विल भर्पाइ अनुसार रु. ६५०००० आलु बिउ वितरण भएकोमा सम्झौता बमोजिम पालिकाले ५०% अनुदान वापत रु. ३२५००० भुक्तानि दिनुपर्नेमा रु. ६५०००० भुक्तानि दिएकाले बढि भुक्तानि भएको रकम असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२५,००० |

९४ **ज्यालादारी शिक्षक** (७४०-२०८०-२-१८):

शिक्षा नियमावली २०५९ को नवौं (संसोधन) २०७७ मा शिक्षकहरुलाई ज्यालादारी करारमा नियूक्त गर्न नपाइने व्यवस्था रहेको छ । पालिकाले मिति २०७९।१०।२५ गतेको पत्र मार्फत मिति २०७९।११।१ देखि लागु हुने गरी डोर हाजिरीका आधारमा मासिक रु २००००। दिने गरी श्री महामाया माध्यमिक विद्यालय बेलकोटगढि-९ नुवाकोट का लागि खेलकुद शिक्षक श्री कविन्द्र कारन्जितलाई २०७९ असोज १ देखि २०८० वैशाख सम्म नियूक्त गरी डोर हाजिरीका आधारमा भुक्तानि गरेको रकम नियमसम्मत नभएको साथै पालिकाले निजलाई प्रदान गरेको नियूक्ति पत्रमा २०७९ फाल्गुन १ गते देखि लागु हुने भनेकोमा निजलाई २०७९ असोज देखिनै पारिश्रमिक भुक्तानि भएकोमा तोकिएको समयभन्दा बढी अवधिको उक्त रकम असूल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,००,००० |

## ९५ विद्यालयलाई वढी निकासा

शिक्षा नियमावली मा विद्यालयहरुमा शिक्षकहरुको तलव निकासा गर्दा त्रैमासिक माग फारमका आधारमा निकासा दिनु पर्ने व्यवस्था रहेको छ । पालिकाले मिति २०७९।९।६ मा अनिवार्य अवकाश हुनुभएका वागेश्वरी आ वि का शिक्षक कृष्ण प्रसाद पुडासैनीलाई दोश्रो चौमासिकमा निकासा दिदा पौष महिनाको ६ गते वाट रकम कट्टा गरी निकासा दिनुपर्नेमा २०७९।पौष महिनाको पुरै रकम भुक्तानी दिएको देखिएकोले वढी भुक्तानी भएको क स कोष समेत रु ५०९४१।०० असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,९४१ |

## ९६ भरपाई पेश गर्नुपर्ने

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० मा सार्वजनिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति (आवासीय तथा गैरआवासीय) कार्यक्रम अन्तर्गत विद्यालयहरुलाई रकम निकासा गरिसकेपश्चात विद्यालयले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र विद्यार्थीहरुलाई वितरण गरिसक्नुपर्ने र स्थानीय तहले विद्यालयले वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको अनुगमन गर्ने व्यवस्था रहेको छ ।पालिकाले गो भौ नं ५८६।०८०।३।२० बाट ५४ विद्यालयलाई कुल रु १२७४२००।— भुक्तानी दिएकोमा देहायका विद्यालयले विद्यार्थीलाई सो रकम वितरण गरेको नाम नामेसी सहितको भरपाई विवरण पेश गरेको पाईएन । यसरी निकासा भएको रकम वितरण गरेको प्रमाण पेश हुनुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,७४,२०० |

## ९७ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६६ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३८ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका सि डि ई, प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २८ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ

## ९८ कर्मचारी व्यवस्था

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । त्यस्तै बागमती प्रदेश "स्थानीय सेवा (गठन तथा

सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारी गनुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने उल्लेख छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. १७४७५६।०० भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| पद | नियुक्ति संख्या | तलव भत्ता रु. | कैफियत |
|---|---|---|---|
| कानूनी सल्लाहकार | १ | रु.१७४७५६ | गोपी बहादुर भण्डारी (२०७९ चैत्र देखि २०८० आषाढ मसान्त सम्म ) |

| | |
|---|---|
| अनियमित भएको | १,७४,७५६ |

## ९९ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसै गरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । बागमती प्रदेश "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारी गनुपर्ने कामको लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्त गर्न नपाइने उल्लेख छ । तर पालिकाले पेश गरेको विवरणअनुसार प्रदेश तथा संघिय सशर्त वाहेकका दरवन्दि वाहिरका पद कानुनि सल्लाहकार, सुपरभाईजर लगायत विभिन्न ५ पदमा ४० जना कर्मचारीहरु करारमा राखि रु. ५६०९४६२।०० खर्च लेखेको नियमसम्मत नदेखीएको रु.

| प्रदेश तथा संघिय सशर्त वाहेकका दरवन्दि वाहिरका पदमा कर्मचारी भर्ना गरेको | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.सं. | पद | स्वीकृत दरबन्दी संख्या | कार्यरत संख्या | जम्मा भुक्तानी रकम | बढी संख्या | वार्षिक बढी भुक्तानी |
| १ | का.स. | ३४ | ५७ | ६८४०००० | २३ | २७६०००० |
| २ | क.अ. | ० | १ | ४६१४९० | १ | ४६१४९० |
| ३ | स.क.अ. | १ | १४ | २१००००० | १३ | १९५०००० |
| ४ | कानुनी सल्लाहकार | ० | १ | १७४७५६ | १ | १७४७५६ |
| ५ | सुपर भाइजर | ० | २ | २६३२१६ | २ | २६३२१६ |
| | जम्मा | ३५ | ७५ | ९८३९४६२ | ४० | ५६०९४६२ |

| | |
|---|---|
| अनियमित भएको | ५६,०९,४६२ |

१०० **बालविकास सहजकर्ता**

प्रारम्भिक बाल विकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को प्रथम संशोधन २०७५ बमोजिम न्यूनतम २५ जना सम्म विद्यार्थी संख्या भएकोमा १ जना र २५ जना भन्दा बढी भएमा थप बाल विकास सहयोगी कार्यकर्ता राख्न पाउने व्यवस्था छ ।तर, पालिका अन्तर्गत सञ्चालित देहायका विद्यालय बालविकास केन्द्रहरुमा २५ जना भन्दा कम विद्यार्थी रहेका विद्यालयहरुमा पनि २ जना बाल विकास सहजकर्ता राखी संघ सशर्तबाट रु १०,०००।- का दरले र पालिकाबाट रु७०००।- का दरले भुक्तानी भएको रकम अनियमित देखिएको रु

| क सं | विद्यालयको नाम | विद्यार्थी संख्या | आवश्यक बाल शिक्षक | नियुक्त बाल शिक्षक | रकम रु |
|---|---|---|---|---|---|
| १ | श्री मालिका मा वि | ४५ | २ | ३ | २२१,००० |
| २ | श्री महादेव आ वि | २५ | १ | २ | २२१,००० |
| ३ | श्री शिलादेवी मा वि | १५ | १ | ३ | ४४२,००० |
| ४ | श्री महादेव मा वि | ४५ | २ | ३ | २२१,००० |
| ५ | श्री इन्द्रेश्वर आ वि | ९ | १ | ३ | ४४२,००० |
| ६ | श्री कामरुदेवी मा वि | ३४ | २ | ४ | ४४२,००० |
| जम्मा रु | | | | | १९,८९,००० |

| | |
|---|---|
| अनियमित भएको | १९,८९,००० |

१०१ **कार्यसम्पन्न प्रतिवेदन**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.४४५ मा केन्द्रबाट छनौट भइ आएको नमूना विद्यालयको क्रमागत भवन निर्माण शीर्षकमा रकम निकासा पश्चात सम्झौता अवधिभित्र निर्माण कार्य सम्पन्न नगरी प्राप्त अनुदानको हिनामिना गरेमा, भौतिक निर्माण बाहेक अन्य प्रयोजनका लागि खर्च गरेमा र तोकिएको भन्दा कम गुणस्तरको निर्माण कार्य गरेमा त्यस्ता विद्यालयहरुबाट रकम असुल उपर गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले श्री महादेव मा वि रातमाटेलाइ देहायका शीर्षकबाट भवन निर्माणका लागि रकम निकासा गरेको छ । यसरी निकासा भएको रकम बराबरको कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु

| शीर्षक | गो भौ नं | रकम रु |
|---|---|---|
| संघीय सशर्त चालु | ५०९।०८०।३।९ | ४२,०० ,००० |

| | | |
|---|---|---|
| संघीय सशर्त पूँजीगत | ३२।०८०।३।९ | ४०,०० ,००० |
| जम्मा रु | | ८२,०० ,००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८२,००,००० |

१०२ **स्वयंसेवक शिक्षक**

संघ तथा प्रदेश सरकारको स्रोतबाट शिक्षकहरुको तलव भुक्तानी भइसकेको अवस्थामा पालिकाले आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी आ व २०७९।८० मा कार्यपालिकाको निर्णय मार्फत पालिका अन्तर्गतका १५ वटा सामुदायिक विद्यालयहरुमा आधारभूत र माध्यामिक तहमा जम्मा २० जना शिक्षकलाइ करार सम्झौता गराइ स्वयंसेवक शिक्षकका रुपमा पदस्थापन गरेको छ । पालिकाले विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्ति को अवस्था यकिन गरी आवश्यकताको आधारमा मात्रै करार शिक्षकलाइ नियुक्ति गर्नुपर्दछ । यस आ व मा स्वयंसेवक शिक्षकको तलवमा कुल रु ५३,५३,४९६। खर्च लेखेकोले पालिकालाइ थप व्ययभार पर्न गएको रु

| | |
|---|---|
| अनियमित भएको | ५३,५३,४९६ |

१०३ **प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

कृषि तथा पशुपन्छी विकास मन्त्रालयद्धारा प्रकाशित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७ बमोजिम आ व २०७९।८० मा पालिकामा सञ्चालित कृषि पकेट तथा ब्लक कार्यक्रममा देखिएका मूख्य मूख्य व्यहोराहरु देहाय बमोजिम रहेका छन् :

१०४

१०४.१ यस आ व मा पालिकामा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कृषि पकेट अन्तर्गत कार्यक्रम सञ्चालनका लागि कुल बजेट रु३०,००,०००।- मध्ये रु२७,३९,८४०।- खर्च भएको देखिन्छ भने व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम अन्तर्गत चिलिङ स्टेसन स्थापनाका लागि कुल बजेट रु१४,७०,०००। मध्ये रु१०,१४,०००। खर्च भएको देखिन्छ ।

१०४.२ म्यानुअल बमोजिम कार्यक्रम सञ्चालन गर्दा ५० प्रतिशत साझेदारीमा कृषि पकेट र सिँचाइ विकासका क्षेत्रमा ८५ प्रतिशत सम्म साझेदारीमा कार्यान्वयन गर्न सकिने व्यवस्था रहेको छ । जस अन्तर्गत साझेदार कृषक समूह, सहकारी एंव संगठन पनि हुन सक्ने व्यवस्था रहेको छ ।

१०४.३ म्यानुअलको परिच्छेद ६ को तालिका १२ मा यस परियोजना अन्तर्गत सञ्चालन हुने सम्पूर्ण क्रियाकलापहरुको नियमित

नतिजा सम्बन्धित स्थानीय तह एंव अन्य निकायले प्रक्रियागत एंव भौतिक र वित्तीय प्रगतिको अनुगमन गरी सार्वजनिक सुनुवाइ गर्नुपर्ने व्यवस्था रहेको छ । तर, पालिकाले यस आ व मा कृषि तथा पशु अनुदान उपलब्ध गराएकोमा उद्देश्य अनुरुप खर्च भएको छ, छैन अनुगमन गरी प्रतिवेदन पेश गरेको छैन। पालिकाले कार्यक्रमको अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु

| गो भौ नं | विवरण | अनुदानको अनुपात | भुक्तानी पाउने | रकम रु |
|---|---|---|---|---|
| ३३६।०७९।११।१४ | आ व ०७८।७९ मा स्थापना भएको आलुबाली पकेट विकास कार्यक्रमको निरन्तरता | ५० प्रतिशत | वांझे आलु पकेट सञ्चालक समिति | ५७१,९७५। |
| ६१७।०८०।३।२२ | आ व ०७९।८० मा नयाँ च्याउ पकेट विकास कार्यक्रम सञ्चालन | ५० प्रतिशत | बेलकोटगढी च्याउ पकेट सञ्चालक समिति | ९८८,८६५। |
| ६५९।०८०।३।२३ | आ व ०७९।८० मा नयाँ तरकारी बाली पकेट विकास कार्यक्रम सञ्चालन | ५० प्रतिशत | हरियाली कृषि सहकारी संस्था लिमिटेड | ११,७९ , ०००। |
| ५२५।०८०।३।१४ | चिलिंग सेन्टर स्थापना | ५० प्रतिशत | अर्जुन डेरी फर्म बेलकोटगढी | २४०,०००। |
| ५२६।०८०।३।१४ | चिलिंग सेन्टर स्थापना | ५० प्रतिशत | वनदेवी डेरी सप्लायर्स | १२४,३००। |
| ५८०।०८०।३।१९ | चिलिंग सेन्टर स्थापना | ५० प्रतिशत | हाम्रो गाईपालन तथा पशु केन्द्र | २४०,०००। |
| ५८१।०८०।३।१९ | चिलिंग सेन्टर स्थापना | ५० प्रतिशत | नेपाल किराना पसल | ११०,०००। |
| ५८२।०८०।३।१९ | चिलिंग सेन्टर स्थापना | ५० प्रतिशत | निरञ्जना कृषि सहकारी संस्था लिमिटेड | १२४,८१५। |
| ६४५।०८०।३।२३ | चिलिंग सेन्टर स्थापना | ५० प्रतिशत | अदमारा दूध संकलन केन्द्र | १२४,३००। |
| जम्मा रु | | | | ३७,०३ , ७७०। - |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,०३,७७० |

१०५ **वर्थीङ्ग सेन्टर मालसामान खरिद तथा वितरणः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १०० मा चालु आ.व. मा खरीद गरेको तथा हस्तान्तरण भई आएको मालसमानको परिमाण समेत खुलाई श्रेस्ता राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले विभिन्नल वर्थीङ्ग सेन्टरका लागि आवश्यक मालसमान खरीद गरी हेल्पिङ्ग मल्टिपल पर्पोज प्रा.लि. वाट सोझै खरीद गरी रु. ६४१२३६ भुक्तानी भएकोले उक्त सामान सम्वन्धित वर्थीङ्ग सेन्टरमा पठाएको प्रमाण पेश हुन पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,४१,२३६ |

१०६ **घरधुरी सर्वेक्षण भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्वा नियमावली २०६४ नियम ३९ को ५ मा सरकारी रकम खर्च गर्दा विल भरपाई साथ लेखा राख्नु पर्दछ भन्ने व्यवस्था रहेको छ । पालिकाले स्याटेलाईट किल्निक र स्वास्थ्य कर्मी घरधुरी सर्वेक्षणमा कार्यक्रमको लागि प्रत्येक स्वास्थ्य संस्थाहरुलाई अनुगमन तथा सुपरिवेक्षण भनि प्रतिदिन प्रतिसंस्थालाई रु. ८०० का दरले रु. ५२८०० भुक्तानी भएकोमासंस्थाहरुले सो रकम पाउने प्रमाण पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,८०० |

१०७ **खर्चको पुष्ट्याइः** (६५४-२०८०-३-२३):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार अधिकारीले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले कोभिड-१९ विरुद्ध खोप अभियान तथा बुस्टर खोप समेत संचालन व्यवस्थापन एवं सुपरिवेक्षण गरेको भनि १७ जना स्वास्थ्यकर्मी लाई रु.२,३१,००० भुक्तानी गरेको छ। खोप संचालन तथा सुपरभिजन गरेको देखिने आवश्यक कागजात, भरपाई, त्यस कार्यक्रमको प्रतिवेदन तथा सम्बन्धित वडाबाट सो कार्य सम्पन्न गरेको भनि अनुगमन प्रतिवेदन सहित प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,३१,००० |

१०८ **खर्चको पुष्ट्याइः** (४०-२०८०-३-१८):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार अधिकारीले सरकारी रकमको खर्च लेख्नु अघि यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल, भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगेको वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले महिला सामुदायिक स्वास्थ्य स्वयं सेवीकाहरुको विदाई कार्यक्रम शिर्षकबाट ३ दिने सी.एन.एस्.आई. तालिम कार्यक्रम बापतको रु.१७०,४०० यातायात खर्च भुक्तानी लेखेको छ। कार्यक्रमको स्विकृती, लागत अनुमान तथा कार्यक्रम भएको देखिने

प्रमाणित कागजात बेगर फरक शीर्षकबाट भुक्तानी भएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७०,४०० |

१०९ **महिला स्वयम सेविका खर्च**

यस वर्ष पालिकाको आन्तरिक आय रु. ४१८०८३२२ भएको छ । पालिकाको वैठक नं. ९ मा महिला स्वयम सेविकाहरुलाई संघीय सरकारबाट भिटामिन ए जुकाको औषधी खुवाउने कार्यक्रममा संघिय सरकारवाट रु. ४०० का दरले ४ दिनको १५५ जना महिला स्वयम सेविकाहरुलाई रकम भुक्तानी भै सकेपछि पुन पालिका वाट पनि ३ दिनको रु. ४०० का दरले १४३ जना महिला स्वंयम सेविकाहरुलाई रु. १७१६०० भुक्तानी दिएको देखिएकोले यस्तो खर्चमा नियन्त्रण गरिनुपर्दछ ।

११० **वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको लागि पुनः एकिकरण कार्यक्रम**

११०.१ वैदेशिक रोजगार वोर्डबाट रु २५८०००० निकासा भएकोमा रु २५१९६५८ खर्च गरी वाँकी रहेको रु ६०३४२ सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,३४२ |

११०.२ पालिकाले कार्यक्रमको प्रस्तावमा वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको लागि पुन एकिकरण कार्यक्रम को १० प्रतिशत रकम व्यहोर्ने उल्लेख गरेको र सोही वमोजिम सम्झौता भएको देखिन्छ । पालिकाले वैदेशिक रोजगार वोर्डबाट रु २५८०००० प्राप्त गरेकोमा रु २५१९६५८ खर्च गरेको सम्बन्धमा देहाय वमोजिम गर्नुपर्ने देखिन्छ ।

११०.३ पालिकाले आफ्नो तर्फबाट सम्झौता बमोजिमको व्यहोर्नुपर्ने १० प्रतिशतले हुन आउने रकम रु २५८००० को खर्च भएको सम्बन्धमा प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५८,००० |

११०.४ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ४७ (४) मा पेश्की लिने व्यक्ति वा संस्थाले काम सम्पन्न भएको पन्ध्र दिन भित्र आफुले सम्पन्न गरेको कामको सम्बन्धमा खर्च प्रमाणित गर्ने विल भरपाइ र कागजात सहितको प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले देहायमा व्यक्तिहरुको पेश्की पस्यौंट गर्दा विल भरपाइ वेगर गरेको देखिएको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| गो भौ नं | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| गो भौ नं ३३ मिति ०८०/३/२१ | कृषि शाखा | १३६००० | अधिकारी एग्रो स्टोर एण्ड सभिर्स सेन्टर बाट खरिद भएको विषादी वितरण भरपाइ नरहेको |
| गो भौ नं २५ मिति २०८०/१/२८ | शम्भु राई | ८००० | कुलकुमारी मुडभरी सरिता न्यौपाने मन्जु पुडासैनी फुलमाया सार्की लाइ पशु सुत्केरी भत्ता सक्कल भरपाइ नभएको |

| | | | |
|---|---|---|---|
| गो भौ नं ४० मिति २०८०/३/३१ | नवराज पुडासैनी | ४२००० | पशु सुत्केरी भत्ता वितरण सक्कल भरपाइ नभएको |
| गो भौ नं ४० मिति २०८०/३/३१ | पुरुषोत्तम लामिछाने | ८००० | पशु सुत्केरी भत्ता वितरण सक्कल भरपाइ नभएको |
| | | १९४००० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९४,००० |

१११ **बिल भरपाइ**

(गो भौ नं ३०३।१२।१६) आर्थिक कार्यविधि तथा वितिय उत्तरदायित्व नियमावली 2077 को नियम 39 (5) मा सरकारी रकम खर्च गर्दा खर्चको पुष्टि गर्ने विल, भरपाई , प्रमाण र कागजात संलग्न राखी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराइ खर्च गर्नु पर्ने ब्यवस्था छ । पालिकाले श्री निरञ्जना भगवति गढी क्षेत्र विकास संरक्षण समितिलाई पेश्कि रु ७ लाख भुक्तानी भएकोमा सो उपभोक्ता समितिसँग भएको सम्झौता लगायत वडा वाट सिफारिस भएको कागजात संलग्न भएको पाईएन । उपभोक्ता समितिसँग भएको सम्झौता तथा कार्य प्रगतिवारे प्रमाण संलग्न गर्नुपर्ने देखिएको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,००,००० |

११२ **उपभोक्तालाइ बढी भुक्तानी**

(गो भौ नं ३८७-१।२८) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले सार्वजनिक निर्माणको लागी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ९७(४) मा उपभोक्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । पालिकाले फलामे चौर हुँदै मझाडि गोलमा सडक स्तरोन्नति वडा नं २ उपभोक्ता समिति को काममा कुल जम्मा रु ५७२२०० भुक्तानीमा आईटम नं १ को roadway excavation of all type of soil including removal of stumps को नापि परिमाण अनुसार जम्मा २०५५.९० घनमिटरको रु ९३.३८ का दरमा जम्मा रु १९१९८१ भुक्तानी भएको छ । सो आईटमको दर निर्धारणका लागी Dor ९-१ I(B) को नर्मस् अनुसार ३६० घनमिटरको लागी अदक्ष जनशक्ती ३ म्यानडेज को रु ८४५, दक्ष जनशक्ति १ म्यानडेज को रु ११५५ तथा टिप्परको १८ घण्टाको रु १५६४ का दरमा जम्मा रु३१८४२ अनुसारमा प्रति घनमिटर रु ८८.४५ दर निर्धारण हुने देखिन्छ । यसरी वास्तविक दर विश्लेषण रु ८८.४५ भन्दा भुक्तानी दर रु ९३.३८ का दरमा भुक्तानी गर्दा नापि परिमाण २०५५.९० को जम्मा रु१०१३५.५९ बढी भुक्तानी भएकोले सम्वन्धितवाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,१३६ |

११३ **वर्षान्तमा पेश्की**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ ( ५ ) उपभोक्ता समिति संग सम्झौता भएपछी सार्वजनिक

निकायले उपभोक्ता समितिलाई सम्झौता रकमको एक तिहाई रकम सम्मको रकम अग्रीम रुपमा पेस्की को रुपमा दिन सकिने व्यवस्था साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायत्व नियमावली २०७७ को नियम ५० को ( ४) मा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि आर्थिक वर्षको अन्त्यमा वजेट फ्रिज हुन नदिने उद्देश्यले कसैलाई पेस्की दिन पाईने छैन तर सम्झौता वमोजिम बैक जमानत लिई प्रचलित कानुन वमोजिम पेस्कि दिन लाई वाधा पु-याएको मानिने छैन भन्ने व्यवस्था रहेको भएता पनि निम्मानुसारका उपभोक्ता समितिलाई निम्नानुसार रकम असारको अन्त्यमा निकासा दिई सकेपछि पालिकाले सोही मितिमा वजेट रोक्का राखेको छ यसरि उपभोक्ता समितिलाई रकम दिदा सार्वजनिक खरीद नियमावली को पालना पनि नभएको र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायत्व नियमावलीको नियम पनि पालना भएको पाइएन ।

| सि न | काम | उपभोक्ता समिति | निकासा मिति | रकम |
|---|---|---|---|---|
| १ | दाङमै स्वास्थ्य चौकी भवन निर्माण | दाङमै स्वास्थ्य चौकी भवन निर्माण उ स | २०८०।३।२२ | १९२०००० |
| २ | आधारभुत स्वास्थ्य केन्द्र निर्माण | आधारभुत स्वास्थ्य केन्द्र निर्माण उ स | २०८०।३।२२ | २४००००० |
| | | | | ४३२०००० |

## ११४ बढी दरमा भुक्तानी

(गो भौ नं ८२।९।२५) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले सार्वजनिक निर्माणको लागी लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै नियम ९७(४) मा उपभोक्ताको भुक्तानीमा कामको प्राविधिक मुल्यांकन भई आएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिन सकिने व्यवस्था गरेको छ । पालिकाले वडा नं १३ गुम्वा निर्माण उपभोक्ता समिति को काममा कुल जम्मा रु २६८८००० भुक्तानीमध्ये आईटम नं ४ को फर्म वर्कको कामको लागी नापि किताव अनुसार ७२०.४९ वर्ग मिटरको रु ५६३.३६ का दरमा जम्मा रु४०५८९३.२७ भुक्तानी भएको छ । सो आईटमको दर निर्धारणका लागी प्रयोग हुने १९ mm मोटाई भएको प्लाई वोर्ड को लागी भवन निर्माण विभागको E6-8-4 अनुसार १६.५ वर्गमिटरको लागी दर गणना गर्नुपर्दछ । जिल्ला दररेट अनुसार १९ mm मोटाई भएको प्लाई वोर्डको प्रति घनमिटर मु अ क समेत रु११५५.०९ को नर्मस् E6-8-3 ka page no 14 अनुसार ६ पटक प्रयोग हुदाँ १९२.५१ का दरमा खर्च हुने देखिन्छ । सो अनुसार १९ mm मोटाई भएको प्लाई वोर्डको प्रति वर्ग मिटर रु २२४ कायम गरी समग्र फर्क वर्कको काममा जम्मा रु ५०१.१७ प्रति वर्ग मिटर कायम हुन जान्छ । तर नापि तथा कार्यसम्पन्न प्रतिवेदनमा जनाएअनुसार ७२०.४९ वर्गमिटर काम भएकोमा रु ५६३.३६ का दरमा भुक्तानी भएको छ । यसरी वास्तविक दर विष्लेषण अनुसार कायम हुने दर रु ५०१.१७ का दरमा भुक्तानी दिनुपर्नेमा रु ५६३.३६ का दरमा भुक्तानी हुँदा ७२०.४९ वर्गमिटरको रु ६२.१९ ले बढी भुक्तानी भएको रु ४४८०७.२७ सम्वन्धित प्राविधिकलाई जिम्मेवार वनाई उपभोक्ता समितिवाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४४,८०७ |

## ११५ इन्धन सुविधा

स्थानिय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धि ऐन २०७५ लाई संशोधन गर्न वनेको ऐन २०७६ को दफा ३ को अनुसुचि १ क (ख) अनुसार नगर प्रमुख र उपप्रमुखले १००।१०० लिटर ईनधन सुविधा पाउने उल्लेख छ । पालिकाले नगर प्रमुख तथा उपप्रमुखलाई निम्नानुसारमा वार्षिक जम्मा १२५५५४० भुक्तानी भएको अर्थात् पेट्रोलको औषत दर १७५ ले हुने वार्षिक जम्मा ७१६४ लिटर खपत भएको देखिन्छ । नियममा भएको व्यवस्था अनुसार पाउने ईन्धन सुविधा भन्दा बढी ईन्धन सुविधामा खर्च भएको नियमसम्मत देखिएन ।

| इन्धन(पदाधिकारी) | | | | |
|---|---|---|---|---|
